जलवायु परिवर्तनले मानव जातिको अस्तित्वमा... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३०८ • २०८१ साल चैत २३ गते शनिबार (5 April, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## गले सत्तासीन दलहरु

# आरोपी मन्त्रीहरुले सफाई दिने, संसदीय छानबिन समिति गठन हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तासीन दलहरुले मधेश प्रदेशमा मन्त्रीहरुले योजना बिक्री गरेको विषयमा संसदीय छानबिन समिति गठन गर्न सहमत भएका छन् ।

प्रदेश सभा छल्न सरकारले सभामुखसितको सहमतिमा अनिश्चितकालका लागि बैठक स्थगन गराएका थिए । विपक्षी दलहरुको मागलाई अस्वीकार गर्ने मुडमा रहेको सत्तासीन दलहरुका लागि सहमति गर्नै पर्ने बाध्यता भएको थियो ।

मधेश प्रदेश सभाको बैठकलाई सम्बोधन गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले चैत २६ गतेको समयसीमा निर्धारण गरेकाले विपक्षी दलहरुको मागलाई स्वीकार गर्न सत्तासीन दलहरु बाध्य बनेका हुन् । मधेश प्रदेशसभामा विपक्षी दलहरूले विभिन्न योजनाहरूमा छानबिन समिति गठन हुनु पर्ने विषयमा सत्तारुढ दलहरू सहमत भएपछि प्रदेश सभाको गतिरोध हटेको छ ।

प्रदेश सभामा शुक्रबार बोलाइएको सर्वदलीय बैठकमा प्रदेश सभामा उठेका विषयहरू उपर छानविन गर्न संसदीय समिति गठन गर्न सहमति भएको निवर्तमान मुख्यमन्त्री समेत रहेका जनता समाजवादी पार्टी (जसपा) नेपाल संसदीय दलका नेता सरोजकुमार यादवले जनाएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले चैत २६ गते मंगलबार प्रदेशसभाको बैठकलाई सम्बोधन गर्ने कार्यक्रम निश्चित भएको छ । सभामुख रामचन्द्र मण्डलले त्यस सन्दर्भमा बोलाएको सर्वदलीय बैठकमा विपक्षी दलका नेताहरुले प्रधानमन्त्रीको कार्यक्रम बहिष्कार नगर्ने तर मन लागे आउने नलागे नआउने बताएपछि सत्तासीन दलका नेताहरु गलेको बताइन्छ ।

प्रधानमन्त्री ओली मधेश प्रदेशसभाको बैठकलाई दोस्रो पटक सम्बोधन गर्न लागेका छन् । यस अघि उनी पहिलो प्रदेश सभामा प्रधानमन्त्रीको हैसियतले सम्बोधन गरेका थिए ।

प्रधानमन्त्री ओलीलाई तत्कालीन सभामुख सरोज कुमार यादवले निम्तो गरेका थिए । यस पटक भने मधेश प्रदेश सरकारको निम्तोमा उनी प्रदेश सभाको बैठकलाई सम्बोधन गर्ने छन् ।

समिति गठन गर्न सत्तापक्ष सहमत भएपछि विपक्षी दलहरुले प्रधानमन्त्री ओलीको कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्न सहमत भएका छन् । मंगलबार प्रधानमन्त्री ओलीको सम्बोधन भएको अर्को दिन बुधबार बस्ने बैठकमा संसदीय छानबिन समिति गठन हुने पूर्व मुख्यमन्त्री यादवले बताए । 'प्रश्न उठेको विषयमा मन्त्रीले सम्बोधन गर्ने र त्यसपछि छानबिन समिति गठन गरिने सहमति भएको छ 'उनले भने, प्रदेश सरकार भाग्ने प्रयासमा थिए ।

पूर्वमुख्यमन्त्री यादवले भने, सबै दल मिलेर भव्य रुपमा स्वागत गर्दै प्रधानमन्त्रीलाई प्रदेश सभामा सम्बोधन गर्न दिने सहमति भएको छ । योजना खरिद बिक्री लगायतको विषयमा आफूहरूले प्रदेश सभाको बैठक अवरोध गरेकोमा मन्त्रीले जवाफ दिएपछि छानबिन समिति गठन गरिने विषयमा सहमति भएकोले प्रदेश सभाको गतिरोध हटेको उनले जनाए ।

चैत २६ गते प्रदेश सभाको २ वटा कार्यसूची रहेको छ । पहिलो कार्यसूची अनुसार प्रधानमन्त्री ओलीले प्रदेश सभाको बैठकलाई सम्बोधन गर्ने र दोस्रो कार्यसूची अनुसार बैठकबाट धन्यवाद ज्ञापन गर्ने रहेको छ ।

प्रधानमन्त्री ओलीसित प्रदेश सभामा विपक्षी पार्टीका संसदीय दलका नेताहरुले 'वान टु वान' भेंट गर्ने कार्यक्रम रहेको छ । त्यसको समायोजन सभामुख रामचन्द्र मण्डलले गर्नेछन् । एमालेका नेताहरुले असहमति जनाए पनि विपक्षी दलका नेताहरुले वान टु वान भेट गर्ने कार्यक्रम निर्धारण भएको बताइएको छ । प्रधानमन्त्री ओलीले प्रदेश सभाका विपक्षी दलका नेताहरुसित समेत वान टु वान भेट्ने पहिलो कार्यक्रम हुनेछ ।

नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले चैत २७ गते मन्त्रीहरूले जवाफ दिएपछि त्यसै बैठकले संसदीय छानबिन समिति गठन गर्ने सहमति भएको पुष्टि गरेका छन् । 'दलहरुबीच संसदीय समिति गठन गर्न सहमति भएको छ' उनले भने, विपक्षीहरुको माग सम्बोधन भएसँगै प्रदेश सभाको गतिरोध अन्त्य भएको छ ।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलको उपस्थितिमा तेस्रो पटक सत्तापक्ष र विपक्षी दलका नेता, सचेतक एवं प्रदेशसभा सदस्यहरूको उपस्थितिमा भएको बैठकमा सहमति जुटेको हो ।

गत बुधबार बोलाइएको सर्वदलीय बैठकमा सत्तापक्ष र विपक्षी दलले आ- आफ्नो अडानमा कायम नै रहेपछि बिना निष्कर्ष बैठक टुंगिएको थियो ।







## जनमतका अध्यक्षलाई प्रश्न सोध्ने उपाध्यक्ष निलम्बन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतलाई आर्थिक पारदर्शिता र श्रीमतीसंगको सम्बन्ध विच्छेदबारे प्रश्न गर्ने आफ्ना पदाधिकारी तथा नेताहरुमाथि कारबाहीको डन्डा चलाएका छन् । अध्यक्ष राउतलाई विभिन्न माध्यमबाट उपाध्यक्षसमेत रहेका अनुशासन समितिका संयोजक दीपक कुमार साहलाई जनमत पार्टीले कारबाहीस्वरुप निलम्बन गरेको छ । साहलाई ६ महिना निलम्बन हुने गरी जनमतले कारबाही गरेको जनाएको छ ।

अनुशासन समितिका उपाध्यक्ष नरेन्द्र चौधरी र सचिव अनिता यादवले पार्टी उपाध्यक्ष साहलाई कारबाहीको पत्र लेखेका छन् ।

अध्यक्ष डा. राउतविरुद्ध अन्तर्वार्ता दिएको कारण साहलाई उपाध्यक्ष पदबाट कारबाहीस्वरुप निलम्बन गरिएको उल्लेख छ ।

साहलाई कारबाही गरेको पत्रमा लेखिएको छ, ' पारिवारिक विषय उठाएर कार्यकर्ता र विभिन्न ठाउँका अध्यक्षज्यूहरुलाई हटाउन लबी गर्नु अक्षम्य अपराध हो ।'



## मेयरको हस्तक्षेपविरुद्ध तालाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिकाको कार्यालयमा जनप्रतिनिधिले ताल्चा लगाएको छ ।

मध्यावधिको निर्वाचनको क्रममा निर्वाचित भएका धनुषाधाम नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष सुनिल कापरलाई मेयर बालेश्वर मण्डलले महत्वपूर्ण बैठकदेखि निर्णयसम्ममा बेवास्ता गरेको भन्दै नगरपालिकाको कार्यालयमै तालाबन्दी गरेका छन् ।

वडाध्यक्ष कापरले आफूलाई नगरपालिकाको बैठकबारे जानकारी नगराउने,



वडाको विकास निर्माणदेखि सहभागीसम्ममा वडाध्यक्षलाई बेवास्ता गर्दै गएपछि आफूले बाध्यतावश तालाबन्दी गरेको बताए ।

वडाध्यक्ष कापरले भने, ' निर्वाचित भएर आएदेखि नै आफूलाई मेयर मण्डलले कुनै पनि बैठकबारेमा जानकारी नगराउने, पालिकाको नाममा वडामा हुने गरेको विकास निर्माणका कामदेखि तालिममा स्थानीयको सहभागिताबारेमा समेत जानकारी नै नदिइ वडामा विभिन्न गतिविधिमार्फत हस्तक्षेप गरेपछि तालाबन्दी गरेको छु ।'

# संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प छैन – महासचिव प्रमेश्वर




**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका केन्द्रीय महासचिव प्रमेश्वर साहले संघीय लोकतान्त्रिक गणतन्त्रको कुनै विकल्प नरहेको स्पष्ट पारेका छन्। धनौजी बजारस्थित राम जानकी मन्दिरको प्राङ्गणमा आयोजित लोसपा नेपाल, धनौजी गाउँपालिकाको प्रथम गाउँपालिका अधिवेशनलाई सम्बोधन गर्दै महासचिव साहले भने, "सैकडौँ जनताको सहादत, बलिदान, त्याग र तपस्या मार्फत प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र कुनै व्यक्तिको कृपा वा दया होइन। यो हामीले संघर्ष गरेर ल्याएको उपलब्धि हो।"

उनले संघीयता, लोकतन्त्र र गणतन्त्रलाई कमजोर पार्ने कुनै पनि प्रयासप्रति सावधानी अपनाउनुपर्ने उल्लेख गर्दै जनताको अधिकारमाथि कुण्ठित हुने प्रयासहरू विरुद्ध सतर्क रहन आग्रह गरे । लोसपा नेपाल धनौजी गाउँपालिकाका उपेन्द्र मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका केन्द्रीय सचिव सदाशिव मिश्रले मधेसवाद जनताको मौलिक अधिकार, पहिचान र समान प्रतिनिधित्वका लागि भएको आन्दोलन भएको स्पष्ट पारेका छन्।

मधेसवादको सन्दर्भमा बोल्दै मिश्रले भने, "मधेसवाद कुनै जातीय वा क्षेत्रीय विद्रोह होइन, यो त राज्यबाट बहिष्कृत, पछाडि पारिएको समुदायको हक र पहिचानका लागि लडिएको ऐतिहासिक संघर्ष हो।"

लोसपा नेपाल, धनौजी गाउँपालिकाको प्रथम गाउँपालिका अधिवेशनमा मधेस प्रदेश उपाध्यक्ष राम ज्ञान् मण्डल , मधेसवादी युवा नेता गयानेन्द्र झा , लोसपा नेपालका धनुषा अध्यक्ष तथा मेयरका प्रत्यासी युवा नेता जिवेन्द्र झा , सिताराम ठाकुर , रोशन झा ,सन्तोष मण्ड लगायतकाले आ आफनो मन्तव्य व्यक्त गरेका थिए ।

# खैरो हेरोइनसहित ४ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगञ्जबाट चार भारतीयलाई खैरो हेरोइनसहित पक्राउ गरेको जनाएको छ । उनीहरूलाई वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तथा इनर्वा चौकीबाट खटिएको संयुक्त चेकिङ टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका सवारी साधन तथा पैदल यात्रीहरूको चेकजाँच गर्ने क्रममा स्कारपियो गाडीलाई रोकी जाँच गर्ने क्रममा उक्त गाडीको पछाडिपट्टिको डिक्कीभित्र कार्पेटले छोपी कालो रंगको प्लाष्टिकको झोलामा लुकाइ छिपाई राखिएको लागुऔषध खैरो हेरोइन दुई वटा पोका फेला परेको थियो । एउटा पोकाभित्र एक सय ग्राम र अर्को पोकाभित्र १ सय २० ग्राम गरी जम्मा २ सय २० ग्राम हेरोइन फेला परेको थियो ।

पक्राउ पर्ने अन्य ३ जनामा भारत विहार रक्सौल वडा नं-१३



उनीहरूलाई पक्राउ गरेको छ ।

लागूऔषध मुद्दामा सलंग्न रही वारदात पश्चात फरार प्रतिवादी भारत विहार राज्य जिल्ला पुर्वी चम्पारण थाना रक्सौल वडा नं १४ मौजेका ३७ वर्षीय कृष्णा कुमार सहितको टोली भारतको रक्सौलबाट वीरगन्जतर्फ आउँदै गरेको सूचना अनुसार प्रहरीले चेकजाँच गरेको थियो ।

सो क्रममा बीआर ०६ डिइ ०००७ नम्बरको कालो

का ३८ वर्षीय सुधिर कुमार, ४८ वर्षीय अमित कुमार र गाडी चालक रक्सौल ग्राम सिसवा-१ का २७ वर्षीय राजा कुमार रहेका छन् ।

पक्राउ परेकाहरूविरुद्ध लागूऔषध सम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट बिहीबार पाँच दिन म्याद थप अनुमति लिइ थप अनुसन्धान कार्य भइरहेको पर्सा प्रहरी प्रवक्ता डीएसपी किशोर लम्सालले जानकारी दिए ।

# भवन तथा केमिकल अभावमा स्वास्थ्य सेवा असजह



**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर-६ मा रहेको प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा आवश्यकता अनुसार भवन तथा केमिकल नहुँदा उपचारमा समस्या भएको छ ।

जिल्ला आयुर्वेदिक अस्पतालबाट प्रादेशिक आयुर्वेदिक चिकित्सालयमास्तरोन्नतिभएपछि त्यसका लागि आवश्यक पर्ने थप भवन र ल्याबका लागि आवश्यक पर्ने केमिकल नहुँदा उपचारमा असहज भएको छ ।

चिकित्सालयका वैद्य राकेश ठाकुरले आयुर्वेदिक उपचारप्रति सेवाग्राहीको आकर्षण बढेको भन्दै अहिलेको अवस्थामा भौतिक पूर्वाधार अभाव र सुविधा सम्पन्न ल्याबमा केमिकल अभाव रहनाले स्वास्थ्य परीक्षण तथा उपचारमा समस्या भएको बताए ।

स्थानीय सरकारको असहयोग र प्रदेश सरकारको ढिलासुस्तीले सेवाग्राही मर्कामा पर्दै आएको छ । चिकित्सालयमा दैनिक ५० जनाभन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् । छिमेकी जिल्ला र छिमेकी मुलुक भारतबाट पनि उपचारका लागि आउने गरेको चिकित्सालयका सूचना अधिकारी विनयकुमार झाले बताए ।

चिकित्सालयमा ओपिडी, ज्येष्ठ नागरिक सेवा (ज्येष्ठ नागरिकलाई निःशुल्क रसायन औषधी वितरण) स्तनपायी सेवा (आमालाई दुधबर्धक औषधी निःशुल्क वितरण) पञ्चकर्म, ल्याबलगायतका सेवा उपलब्ध भइरहेको छ ।

जिल्लाको गरुडा नगरपालिका-९ स्थित कमलपट्टीका उमेश सहनी सात वर्षदेखि घुँडा दुखाईबाट पीडित थिए । त्यस्तै स्तनपायीको औषधि लिन आएका गढीमाई नगरपालिका-४ का अमृत बैठाले आयुर्वेदिक औषधिको सेवनले गर्दा शिशुलाई दुधको अभाव नभएको बताए ।

चिकित्सालयको तथ्यांकबमोजिम सो स्वास्थ्य संस्थामा सबैभन्दा बढी सन्धीगत बाथका रोगी उपचारका लागि आउने गरेका छन् ।

गत आर्थिक वर्षमा उक्त रोगका पाँच हजार ६२० जना रोगीको उपचार भएको छ । यसैगरी, अम्लपित्तका चार हजार ७२५ रोगीले उपचार पाएका छन् । जसमध्ये ज्येष्ठ नागरिक तीन हजार १३३ जना उपचारका लागि आए । यसैगरी गत आर्थिक वर्षमा जम्मा १६ हजार १२४ जना पुरुष र १५ हजार १४२ जना महिलाले उपचार गराए थिए ।

# कामको खोजी गर्दै वीरगञ्जको घण्टाघर धाउनेहरु...

वीरगञ्ज ।वीरगञ्जको घण्टाघर चोकमा अवस्थित घडीको सुईमा बिहानको ६ बजेपछि वीरगञ्ज आसपासबाट कामको खोजीमा आउने श्रमिकहरुको चहलपहल ह्वात्तै बढ्ने गर्छ । घण्टाघर चोकको छेवैमा रहेको नेपाल टेलिकमको भवनअगाडिको मुख्य सडकमा साइकल पार्किङ गरेर श्रमिकहरु सडकमा नै रोजगारदाताको पर्खाइमा बसिरहेका हुन्छन् ।

डकमा बसिरहेका श्रमिकतर्फ फर्किएर नजर लगाउने नयाँ मान्छे देख्ने बित्तिकै कामको खोजीमा आएका श्रमिकहरु काम दिने नाइके वा रोजगारदाताको मान्छे हो कि ? भनेर दौडिएर झुम्मिने गर्छन् । यो दृश्य घण्टाघर चोकमा वर्षौंदेखि जारी छ। अन्य दिनजस्तै चैत २१ गते पनि वीरगञ्ज महानगरपालिका-२३ प्रसौनी बिर्ताका रामबालक चौहान बिहानको नृत्यकर्म सकेपछि कामको खोजीमा वीरगञ्जको घण्टाघर चोकमा आउनुभएको छ ।

"कति बेला काम दिने नाइके आउँछन् भनेर हेरेको हेर्‍यै गरेका हुन्छौं," घण्टाघरतर्फको घडीको सुई देखाउँदै चौहानले भन्नुभयो, "हेर्नुस् त अहिले बिहानको ९ बजिसक्यो, काम दिने मान्छे अहिलेसम्म आइपुगेका छैनन् ।" ४७ वर्षे चौहान आफ्नै गाउँघरमा काम नपाएपछि रोजीरोटी चलाउनका लागि घण्टाघर धाउनुपर्ने बाध्यतामा रहेको सुनाउनुहुन्छ। चौहान आफू राजमिस्त्री भएको बताउनुहुन्छ। "आफ्नै गाउँघरमा काम पाए त किन यहाँ धाउनुपर्थ्यो र ?" उहाँले भन्नुभयो, "छ छोरी र एक छोरा पाल्नुपर्ने बाध्यताले नै यहाँसम्म डोर्‍याएको हो । दुःखजिलो गरेर भए पनि छोराछोरीलाई राम्रो शिक्षादीक्षा पनि दिएको छु ।"

चौहानले काम पाउँदा आफूले दैनिक रु ९०० कमाई गर्ने बताउनुहुन्छ । "जग्गाको नाउँमा पाँच धुर जग्गामा एउटा घर मात्रै छ," उहाँले भन्नुभयो, "दैनिक रु ९०० को ज्याला मजदुरीले आफूसहित नौजनाको परिवार पाल्नुपर्ने जिम्मेवारी छ ।" चौहानले नियमित काम नपाउँदा खानलाउन पनि समस्या हुने गरेको गुनासो गर्नुभयो ।

वीरगञ्जको घण्टाघर चोकमा कामको खोजीमा भौँतारिनेमा चौहान एक्ला हुनुहुन्न । उहाँजस्तै दिनहुँ कामको खोजीमा यहाँ सयौँ जना मजदुर आउने गर्छन् । यहाँ दिनहुँ कामको खोजीमा धाउनेमा वीरगञ्ज महानगरपालिका-२२ का ४५ वर्षे राज करिम पनि हुनुहुन्छ। "काम पायो भने त सात जनाको परिवार पाल्न कुनै गाह्रो छैन," उहाँले भन्नुभयो, "काम पाएन भने त परिवारका सदस्यलाई के खुवाउने भन्ने चिन्ताले सताउने गर्छ ।" करिमका अनुसार वीरगञ्जमा 'लेबर' (मजदुर) काम गर्ने मजदुरको ज्यालादारी पनि समान नभएको गुनासो पोख्नुहुन्छ । "हाम्रो कामको कुनै दररेट छैन । कसैले एक दिनको ७५० दिन्छन् । कसैले ६०० के गर्नु काम नगरेर पनि भएन," उहाँले भन्नुभयो, "पहाडी जिल्लाको तुलनामा तराई-मधेसमा ज्याला निकै कम पाइने गर्छ ।" घण्टाघर चोक वर्षौंदेखि श्रमिक र रोजगारदाताका लागि चौतारी बन्दै आइरहेको छ ।

वीरगञ्ज महानगर-२ छपकैयाका रामपुकार साह भाग्य बलियो भएको दिन मात्रै काम पाइने दाबी गर्नुहुन्छ । "दिनदिनै कामको खोजीमा आउने गर्छौं । तर कुनै दिन काम पाउँछ, कुनै दिन रित्तै हात फर्किनुपर्छ," उहाँले भन्नुभयो, "काम पाइएन भने त बूढीआमासहितको सातजनाको परिवारलाई के खुवाउने भन्ने चिन्ताले सताइहाल्छ नि ।"

साहले चार छोरा, श्रीमती र आमासहितको परिवारको गर्जो टार्दै आइरहेको बताउनुभयो । "म कहिल्यै यो काम, त्यो काम भन्ने गर्दिनँ," उहाँले भन्नुभयो, "जे काम पाइन्छ त्यही गर्ने हो ।

हामी यहाँ पनि काम गर्नकै लागि आएका हौ नि ।" साह मजदुरहरु बिहानदेखि दिउँसो २ बजेसम्म कामको खोजीमा पर्खिने बताउनुहुन्छ ।

"दिनको दुई बजेसम्म पनि आधा दिनको भएनि काम पाइएला कि भनेर पर्खिने गर्छौं," उहाँले भन्नुभयो, "दुई बजेपछि भने काम पाइएन भन्दै फर्किने हो ।रासस

# पत्रकार यादवमाथि सांघातिक आक्रमण

**टुडे समाचारदाता**

लहान । सिरहाका पत्रकार मुकेश यादवमाथि योजनावद्ध रुपमा संघातिक आक्रमण भएको छ । उनको उपचार सिरहास्थित प्रादेशिक अस्पतालमा सम्भव नभए पछि जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप उपचार भइरहेको छ ।

तस्करी सम्वन्धी समाचार लेखेकै कारण उनलाई निर्घात कुटपीट गरेको छ ।

नेपाली कांग्रेस सिरहाका सभापति रामचन्द्र यादवका ज्वाई सिरहाको वरियारपट्टि गाउँपालिका-३ का परमेश्वर यादवले उनीमाथि निर्घात कुटपिट गराएको दाबी गरिएको छ ।



सिरहाको वरियारपट्टि- ३ मै घर रहेका पत्रकार यादव रिपोर्टिंगका क्रममा बरियारपट्टिबाट जिरोमाइल चल्ने यात्रुबाहक बसमा तस्करी हुने गरेको समाचार लेखेपछि उनलाई पटक-पटक धाकधम्की आएको र उनले नमाने पछि उनीमाथि बिहीबार रातिको समयमा संघातिक आक्रमण गरिएको थियो ।

उनको स्वास्थ्य अवस्था क्रमिक रुपमा सुधार हुँदै आएको अस्पताल प्रशासनले जनाएको छ ।

यता, पत्रकार यादवमाथि भएको सांघातिक आक्रमणको नेपाल पत्रकार महासंघ सिरहा, पत्रकार महासंघ मधेश प्रदेश समिति, प्रेस सेन्टर नेपाल, प्रेस मञ्च नेपालले समाचार लेखेकै भरमा पत्रकारलाई कुटपिट गर्नु निन्दा गरेको छ ।

पत्रकारको सुरक्षा र दोषीलाई तत्काल कारवाही गर्न मागसमेत सम्वद्ध पत्रकार संगठनहरुको छ ।

# भालुले आक्रमण गर्दा एकजना घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा भालुले आक्रमण गर्दा एकजना घाइते भएका छन् ।

जिल्लाको मिथिला नगरपालिका-११ स्थित बिमिरेमा शुक्रबार घाँस काट्न गएका जिस्ने दुलाललाई भालुले आक्रमण गर्दा गम्भीर घाइते भएका छन् । धनुषा-महोत्तरीको सीमावर्ती क्षेत्रमा पर्ने पाटुकामा महोत्तरीको बर्दिबास नगरपालिका -३ स्थित पाटुका ५५ वर्षीय जिस्नु दुलाललाई भालुले आक्रमण गरी घाइते भएका छन् ।

भालुको आक्रमणमा परी गम्भीर घाइते भएका दुलाललाई स्थानीयहरूले उद्धार गरी जनसेवा अस्पताल बर्दिबासमा लगेको थियो ।

दुलाललाई प्राथमिक उपचारपछि उनको थप उपचारका लागि काठमाण्डुस्थित ट्रमा सेन्टर रेफर गरिएको छ । उनको अनुहारमा अत्यधिक चोट लाग्दा घाउ देखिएको छ ।

घटनापछि वन क्षेत्रमा जाने व्यक्तिहरूलाई अत्यधिक सतर्कता अपनाउन स्थानीय वन कार्यालयले आग्रह गरेको छ ।

# मालपोतका नासु चौधरीसहित तीनजनामाथि मुद्दा




**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको भूमिसुधार तथा मालपोत कार्यालयका नायब सुब्बा दीपेन्द्र नारायण चौधरीसहित तीन जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा अभियोगपत्र दायर गरिएको छ ।

कार्यालयका खरिदार मुन्नुकुमार दास र लेखापढी कानुन व्यवसायी जिवछ महतोले जग्गाको ट्रायल चेक गरी नक्सा सुधार गर्न सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस मागिरहेको उजुरीका आधारमा अख्तियारको कार्यालयबाट खटिएको टोलीले ३५ हजार रुपैयाँ घुस लिएको अवस्थामा उनीहरूलाई पक्राउ गरेको थियो ।

अनुसन्धानको क्रममा नायब सुब्बा चौधरीको पनि मिलोमतोमा जग्गाको ट्रायल चेक एवं क्षेत्रफल सुधार गरी लालपुर्जा बनाइदिने भन्दै उनीहरूले सेवाग्राहीबाट घुस लिएको भेटिएको अख्तियारले जनाएको छ ।

उनीहरुविरुद्ध एक महिनादेखि ६ महिना कैद र ३५ हजार रुपैयाँ बिगो माग दाबी गरिएको अख्तियारले जनाएको छ ।

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८१।०३।२० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ ।

**नाम : मौसम कुमारी**
**सिम्बोल नं.:** २१७०२५७७
**रजिष्ट्रेशन नं.:** ७८२१७०१३०३१९
**ठेगाना: सम्सी गा.पा.-७, महोत्तरी**
**मो.नं.** ९८१९८५२६६१

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** खानपानमा विशेष ध्यान दिनुपर्नेछ ।
**वृष :** सानो कुराले व्यवहारमा झनझट बढ्नेछ।
**मिथुन :** तपाईका कारणले साथीभाइ टाढा हुन सक्छन् ।
**कर्कट :** हरेक क्षेत्रमा बाधा हुनसक्छ ।
**सिंह :** दिन सहज छ । आफन्तले भन्दा साथीभाइले दुःखमा साथ दिनेछन् ।
**कन्या :** अचानक खर्च बढ्नेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।
**तुला :** स्वदेशमा भन्दा विदेशमा तपाईको नाम र दाम रहनेछ ।
**वृश्चिक :** बोलीको प्रभावले राम्रो काम बन्नेछ ।
**धनु :** एकल निर्णय भन्दा साथीभाइको सहयोगले अगाडि बढ्नुपर्ने दिन छ ।
**मकर :** परिवारसँगको सम्बन्ध सुमधुर बन्ने योग छ ।
**कुम्भ:** परिवार र साथीभाइको साथ र सहयोग प्राप्त हुनेछ ।
**मीन :** अनुत्पादक क्षेत्रमा धन खर्च हुनसक्छ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# जलवायु परिवर्तनले मानव जातिको अस्तित्वमा सङ्कट उत्पन्न गरेको छः प्रधानमन्त्री

"हाम्रा जनता र हाम्रो भविष्यको रक्षा गर्न हामीले निर्णायक रुपमा कार्य गर्नु अनिवार्य छ, जलवायु परिवर्तनसम्बन्धी मुद्दामा सामुहिक रुपमा काम गर्न जरुरी छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जलवायु परिवर्तनले सम्पूर्ण मानव जातिको अस्तित्वमा सङ्कट उत्पन्न गरेको बताउनुभएको छ । थाइल्याण्डको बैङ्ककमा जारी छैटौँ बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले नेपालका लागि यो जोखिम अझ बढी रहेको उल्लेख गर्नुभयो ।

"यहाँका पहाडले विश्वव्यापी तापक्रम घटाउने काममा योगदान पुऱ्याइरहेका छन्, तर हाम्रो तर्फबाट भएको न्यून कार्बन उत्सर्जनका बाबजुद पनि तिनीहरूले असमान आक्रमणको सामना गर्नुपरिरहेको छ । यसको प्रभाव पहाडहरूमा मात्र नभई तल्लो तराई र तटीय क्षेत्रहरूमा पनि फैलिएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले जलवायुको प्रभाव हिमालमा मात्र सीमित नभई तराई र तटीय क्षेत्रहरूमा पनि परेको बताउनुभयो। "हिमालहरूको पीडा र हिमाल तथा समुद्रबीचको सम्बन्धलाई उजागर गर्न, नेपालले आगामी मे महिनामा सगरमाथा संवादको पहिलो संस्करण आयोजना गर्दैछ र म यहाँहरू धेरैलाई त्यहाँ देख्न उत्सुक छु", उहाँले भन्नुभयो ।

जलवायुको प्रभावका कारण तटीय क्षेत्रहरूमा पनि समुद्री सतह बढिरहेको र आँधीका घटना तीव्र हुँदै गइरहेको उल्लेख गर्दै उहाँले बिम्स्टेक क्षेत्रले हिमपहिरो, चक्रवात, मेघगर्जनसहितको वर्षा, तातो हावा र खडेरीजस्ता चरम मौसमी घटनाहरूको सामना गरिरहेको बताउनुभयो । "हाम्रा जनता र हाम्रो भविष्यको रक्षा गर्न हामीले निर्णायक रूपमा कार्य गर्नु अनिवार्य छ, जलवायु परिवर्तनसम्बन्धी मुद्दामा सामुहिक रुपमा काम गर्न जरुरी छ", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

उहाँले जलविद्युत् क्षेत्रमा लगानी गरेर सीमापार ऊर्जा ग्रीड र नवीकरणीय ऊर्जा परियोजनामार्फत क्षेत्रीय ऊर्जा व्यापार बढाउनपर्ने आवश्यकता औँल्याउनुभयो । साथै उहाँले बढ्दो व्यापार तनाव र आपूर्ति शृङ्खला अवरोध हटाउँदै द्रुत प्राविधिक परिवर्तनलाई आत्मसाथ गरी सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

"विपद् पूर्वतयारी, सार्वजनिक स्वास्थ्य सेवा र समावेशी आर्थिक नीतिहरू हाम्रो क्षेत्रीय मुद्दाको केन्द्रमा रहनुपर्छ, सामाजिक र सांस्कृतिक सद्भावलाई प्रवर्द्धन गरिनुपर्छ, र समुदायको बलियो भावनालाई बढावा दिनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "दिगो विकास लक्ष्यहरूलाई राष्ट्रिय र क्षेत्रीय नीतिगत ढाँचाहरूसँग एकीकृत गरी न्यायपूर्ण, समावेशी ढङ्गबाट सम्बोधन गर्नुपर्छ ।"

सम्मेलनको सफलता र बिम्स्टेक सदस्य राष्ट्रका जनताको चिरस्थायी शान्ति, कल्याण र समृद्धिका लागि आफू तीन करोड नेपाली जनताको सन्देश लिएर यहाँ आएको उल्लेख गर्दै उहाँले थाइल्याण्डका प्रधानमन्त्री पे थोङ्‌ थान् शिनावात र सरकारलाई न्यानो आतिथ्यता र शिखर सम्मेलन आयोजनाका लागि प्रशंसा र आभार व्यक्त गर्नुभयो । साथै उहाँले विनाशकारी भूकम्पका कारण भएको धनजनको क्षतिप्रति नेपाल सरकार र नेपाली जनताका तर्फबाट म्यानमार तथा थाइल्याण्डका सरकार एवम् जनताप्रति समवेदना र सहानुभूति व्यक्त गर्नुभयो ।

"बिम्स्टेकको सुरुआत यही सहरबाट भएको पनि दुई दशकभन्दा बढी भइसकेको छ । यस अवधिमा हामीले बङ्गालको खाडी क्षेत्र र त्यसभन्दा पर आमूल परिवर्तन र रूपान्तरण देखेका छौं", उहाँले भन्नुभयो, "यी दुई दशकमा बङ्गालको खाडी विश्वव्यापी आर्थिक परिदृश्यमा सबैभन्दा तीव्र गतिमा विकास भइरहेका क्षेत्रमा परेको छ, तथापि चुनौतीहरू कायमै छन् । शान्ति र समृद्धिको खोजी जारी छ ।"

## सम्मेलनको विषयले हामीलाई मार्गनिर्देश गर्छ

आर्थिक असमानता, वातावरणीय जोखिम र राजनीतिक अनिश्चितताका चुनौतीका बीचमा बिम्स्टेकलाई कुशलतापूर्वक अघि बढाउनु आवश्यक छ । साथै क्षेत्रीय सहयोगलाई पुनःजीवित गर्न समेत जरुरी रहेको उहाँको भनाइ थियो । "म विश्वास गर्छु कि, शिखर सम्मेलनको विषय 'सम्पन्न, उत्थानशील र खुला बिम्स्टेक'ले हामीलाई त्यो मार्गनिर्देश प्रदान गर्दछ", उहाँले भन्नुभयो ।

बिम्स्टेकले दुई गतिशील क्षेत्रहरू दक्षिण एसिया र दक्षिणपूर्वी एसिया बीचको एक अद्वितीय सहकार्यको उदाहरण प्रस्तुत गरेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले एक अद्वितीय पुलको रूपमा यसले एक अर्ब ८० करोडभन्दा बढी जनताको सामूहिक आकाङ्क्षालाई समेट्ने बताउनुभयो ।

दिगो विकासका लक्ष्यहरू सम्पन्नता, उत्थानशीलता र खुलापनसँग नेपालको राष्ट्रिय आकाङ्क्षा 'समृद्ध नेपाल, सुखी नेपाली'सँग पनि गहिरो रूपमा प्रतिध्वनित रहेको उहाँको भनाइ थियो । "आजको विषय केवल एक नारा होइन, यो कार्य गर्नका लागि आह्वान हो । यी तीन प्राथमिकताहरूले हाम्रो आगामी मार्ग तय गर्नेछन्", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

बिम्स्टेक क्षेत्र प्राकृतिक स्रोत, सांस्कृतिक विविधता र युवा जनशक्तिले समृद्ध रहेको र हिमालय शृङ्खलादेखि बङ्गालको तटसम्म प्रचुर सम्भावनाले भरिपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो । यस क्षेत्रको अपार सम्भावनालाई ध्यानमा राख्दै समृद्धि केवल इच्छा मात्र होइन यो प्राप्त गर्न सकिने लक्ष्य समेत भएको उहाँको भनाइ थियो । "तर लक्ष्यमा पुग्न हामीले यसलाई रणनीतिक रूपमा उपयोग गर्नुपर्छ; यसलाई दिगो रूपमा मानव पुँजीमा लगानी गर्नु आवश्यक छ", उहाँले भन्नुभयो ।

काठमाडौँमा भएको चौथो बिम्स्टेक शिखर सम्मेलनले शिक्षा, सीप विकास र क्षमता अभिवृद्धिमा क्षेत्रीय सहयोगको महत्त्वमा जोड दिएको अवगत गराउँदै प्रधानमन्त्री ओलीले क्षेत्रीय अन्तरआबद्धता हाम्रो समृद्धिको खोजीमा एक महत्त्वपूर्ण स्तम्भ रहेको उल्लेख गर्नुभयो । "बजार र मस्तिष्कको अन्तरआबद्धता, पूर्वाधार र विचारहरूको अन्तरआबद्धता, संस्कृति र साइबरको अन्तरआबद्धता विकासको अर्को मेरुदण्ड हो", उहाँले भन्नुभयो ।

## बिम्स्टेकको समृद्धिका लागि अन्तरआबद्धतामा जोड

बिम्स्टेक यातायात अन्तरआबद्धता गुरुयोजना र बिम्स्टेक सामुद्रिक यातायात सहयोग सम्झौताको समयबद्ध कार्यान्वयनले यस सम्बन्धमा महत्त्वपूर्ण प्रगति ल्याउने उहाँको भनाइ थियो । "यो चिन्ताको विषय हो कि बिम्स्टेकमा अन्तर-क्षेत्रीय व्यापार केवल पाँच प्रतिशत मात्र छ, जुन 'आसियान', 'ईयु' वा 'नाफ्टा'को तुलनामा धेरै कम छ", उहाँले भन्नुभयो । हाम्रो समाज, अर्थतन्त्र र राष्ट्रहरूबीचको प्राकृतिक अन्तरसम्बन्ध बाहेक, हाम्रो क्षेत्र विश्वव्यापी रूपमा सबैभन्दा कम एकीकृत क्षेत्रहरूमध्ये पर्ने बताउँदै उहाँले यो परिवर्तन हुनैपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री ओलीले यो सम्भावनालाई उजागर गर्न र हामीसँग भएका स्रोत र साधनहरुको लाभ उठाउन एक एकीकृत बङ्गालको खाडी क्षेत्र निर्माण गर्नु अनिवार्य रहेकामा जोड दिनुभयो । उहाँले यस क्षेत्रका सबै अर्थतन्त्रहरू समान छैनन् भन्ने स्वीकार गर्दै, विशेष आवश्यकता भएका सदस्य राष्ट्रहरूलाई साझा समृद्धिमा सहभागी हुन सक्षम बनाउन विशेष अवसर प्रदान गर्नुपर्ने उल्लेख गर्नुभयो । आज विश्व एक दोबाटोमा रहेको र विगत केही वर्षहरूमा, पारिस्थितिकीदेखि अर्थतन्त्र, व्यापार तनावदेखि प्राविधिक अवरोध, जलवायुपरिवर्तनदेखिद्वन्द्व, महामारीको पीडादेखि ध्रुवीकरणको खतरासम्मका अनिश्चितको विश्वमा उत्थानशीलता सबैभन्दा बलियो प्रतिरक्षा भएको उहाँको भनाइ थियो ।

एक जीवन्त र गतिशील बिम्स्टेकका लागि, खुलापन आधारशिला भएको बताउँदै उहाँले राजनीतिक, आर्थिक, पारिस्थितिक र सांस्कृतिक सरोकारहरूलाई समग्र रूपमा सम्बोधन गर्ने दीर्घकालीन स्थायित्वका लागि आवश्यकता औँल्याउनुभयो । "हामीले दिगो पर्यटन, सांस्कृतिक आदानप्रदान, शैक्षिक सम्बन्ध, र सीमापार लगानीमार्फत जनस्तरको सम्पर्कलाई बलियो बनाउनुपर्छ", उहाँले भन्नुभयो ।

बिम्स्टेकभित्र भिसा-अन-अराइभल नीतिले यात्रालाई सहज बनाउन र गहिरो क्षेत्रीय सम्बन्धहरूलाई बढावा दिन एउटा गेम-चेन्जर (परिवर्तनकारी) हुने उहाँको भनाइ थियो । "हामीले ई-कमर्श, सीमापार भुक्तानी र विद्युतीय शासनलाई सहज बनाउन डिजिटल एकीकरणलाई प्राथमिकता दिनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो । नवीनतालाई बढावा दिन र साझा चुनौतीहरू जलवायु परिवर्तनदेखि खाद्य सुरक्षा, प्रविधि-सञ्चालित आर्थिक रूपान्तरणसम्मलाई सम्बोधन गर्न अनुसन्धान र विकासलाई प्राथमिकता दिनुपर्ने उहाँको जोड थियो ।

कुनै पनि बिम्स्टेक राष्ट्र पछाडि नछुटोस् भन्ने सुनिश्चित गर्नु सामूहिक जिम्मेवारी भएको उल्लेख गर्दै उहाँले बिम्स्टेक बडापत्र र यसले कायम राखेका सिद्धान्तहरूप्रति नेपालाको प्रतिबद्धता दोहोर्याउनुभयो । "हामी जनस्तरको सम्पर्क क्षेत्रको नेतृत्व गर्न पाउँदा गर्व गर्दछौं र प्राथमिकताका क्षेत्रहरूमा साझेदारीलाई अझ बलियो बनाउन तत्पर छौं", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी एक ऐतिहासिक मोडमा उभिएका छौं, आउनुहोस् बङ्गालको खाडीलाई एक सम्पन्न, उत्थानशील र खुला क्षेत्रमा रूपान्तरण गर्ने हाम्रो अटल प्रतिबद्धतालाई पुनः पुष्टि गरौं ।"

प्रधानमन्त्री ओलीले हाम्रो शक्ति एकतामा निहित रहेको र बलियो सहकार्यमा चम्किने उल्लेख गर्दै भन्नुभयो, "भविष्य उनीहरूकै हो जसले तत्परता र दूरदृष्टिका साथ काम गर्छन् । म नेपालमा जन्मिएका शान्तिका अग्रदुत भगवान बुद्धका ज्ञानी शब्दहरूबाट मेरो भनाइ टुङ्ग्याउन चाहन्छु । "तिमीले जतिसुकै पवित्र शब्दहरू पढे पनि, जतिसुकै बोले पनि, यदि तिमी तिनलाई व्यवहारमा उतार्दैनौ भने तिनले तिम्रो के भलो गर्छन् र ?"

उहाँले यस क्षेत्रका जनता र भावी पुस्ताका लागि परिणाम दिने बिम्स्टेक निर्माण गर्न हाम्रा शब्दहरूलाई कार्यमा परिणत गर्न आग्रह गर्दै यस क्षेत्रलाई सम्पन्नता, उत्थानशीलता र खुलापनको गतिशील केन्द्रमा रूपान्तरण गर्नुपर्ने उल्लेख गर्नुभयो ।रासस



# भाइबहिनक स्नेह स जुरल सामाचकेवा लुप्त होवाक अवस्थामे



दिपेश कर्ण

मैथिल संस्कृतिके अस्तित्व इतिहास स भी पुरान अछि । रामायण कालमे भगवती जानकीजीके जन्म अहि मिथिलामे भेलाक कारण स मिथिला के सम्बन्ध रामायण स आ सनातन हिन्दु धर्मावलम्बी के गहन आस्था स सेहो जुरल अछि । भगवती जानकी साक्षात् लक्ष्मी स्वरुपा छलैथ त श्रीराम श्रीनारायण अवतार रहैथ । भगवती सीताके जन्म ओही समय के मिथिलान्चल मे भेल रहे । ताहि समयक मिथिलान्चलके बहुत भूभाग अखन के भारत मे अछि त किछ भूभाग मात्र नेपाल मे परल अछि ।अहि प्रकार मिथिलान्चल के अपने एकटा अध्यात्मिक गरिमा आ पहिचान रहल अछि ।मिथिला के भोजन, पहिरन, एतके मैथिली भाषा, विवाह आ अन्य संस्कार, पावैन एत तक कि मिथिलाके संस्कार आ पावैन मे होवबाला गीतनाद सबके सेहो अपन आनन्द आ महत्व रहल छै । मिथिलाके संस्कृति अद्भुत आ अतुलनीय रहल अछि । सीताजीके नैहर भेलाक कारण एतके आम जनजीवन श्रीराम के जमाय आ अयोध्याके अपन समधियाना मानैत छलाहा । ताहि हेतु मिथिलाके मिथिलाधाम कह्वाक रिवाज अहि समाजमे छैक । एत त लोक बिना सीता के राम कहमे सेहो अभ्यस्त नै छैक, ताहि स मिथिलान्चल के कोना कोना मे सीताराम भजन बेसी सुनके भेटैत छैक ।

अहि गरिमामय मिथिला मे मनाय जायवाला बहुत पावैन आ संस्कृति मे स एक लोक धारणा स अभिषेक कायल संस्कृति अछि सामा-चकेवा । पौराणिक कथा के अनुसार सामा श्री कृष्ण के बेटी रहिथन आ चकेवा हुनकर बेटा । किछु कारणवश सामा के पक्षी बनके श्राप भेटैत छैक जाहि स हुनकर भाइ चकेवाके बहुत दुख अनुभूति होइत छैक । अपन सहोदर बहिन के ई परिस्थिति स निकाल हेतु चकेवा घोर तपस्या कैर सामा के फेरु मानव स्वरूप दियाब मे सफल होइत छैथ । भाइ बहिन के याह उदाहरणीय प्रेम स्वरूप इ घटना पश्चात मिथिला मे महिला सब सामा चकेवा पर्व मनब लगलैथ ।

ओना कहल जाय त सामाचकेवा पर्व स भी बहुत बेसी महत्व राखवाला मैथिल संस्कृति अछि । छैठ पावैन के काइल्ह भक प्रारम्भ होब वाला याह सामाचकेवा लगभग दस दिन मनायल जाईत छै। कार्तिक पुर्णिमा के दिन अइ पर्वक समापन होइत छैक। मिथिला के खास क मैथिली भाषा भाषिक महिला सब सामाचकेवा बरी उत्साह स मनवैत छलाहा। बाँस के डाली मे माइट स बनल सामा-चकेवा आ आरो किछ प्रतिमा के राइख साँझ मे महिला सब सुन्दर मैथिली गीतनादके साथ् मैथिल पहिरन मे सामाचकेवा मनवैत छलाहा। सामा आ चकेवा दुनु भाइ बहिनक प्रेम मे बाधा डाल वाला आ मतभेद उत्पन्न करवाला चुगला पात्रके माइटक प्रतिमा बनाक डिबियाके धुवा स ओकर मुह कारि करके प्रचलन छल ।

बहिन सब अपन अपन भाइ के दिर्घायु आ प्रगति के कामना सेहो करै छलाहा । कार्तिक पुर्णिमा के दिन बास के डालिके निक स सजा क बेटी के बिदाइ सन् भाव लै बहिन सब गीतनाद आ उत्साह स निक कामना करैत सामा-चाकेवा के जल विसर्जन करैत छलाहा । अहि प्रकार बहिन सभहक प्रेम आ उत्साह स ओतप्रोत पावैन देख भाइ सब सेहो उत्साहित आ गौरवान्वित महसूस करैत् छलाहा ।

आइ मैथिल संस्कृति के पावैन रुपी ई धरोहर लगभग लुप्त होवाक अवस्था मे अछि। नया जमाना के आधुनिकता के चमक आ आकर्षण कही कतौ लोक संस्कृति के उपर गाज बैन गिररहल अछि। आद्धुनिकता के अर्थ, विचार मे परिमार्जन होवाक चाहि नै कि विचार मे प्रतिस्थापन । शिक्षा के मतलब जागरुकता होइत छै । जाहि जागरुकता स स्वतन्त्रता अवैत छै । स्वतन्त्रता सोच मे, कार्य मे, अधिकार आ कर्तव्य मे, समाजक सभ्यता के संगीरहा मे। बस समस्या कहा छै जे स्वतन्त्रता आ उदण्डता मे बहुत महिन अन्तर होइत छै। बिदेशी पहिरन, खानपान आ संस्कृति के चमक एतेक हद तक प्रभावित केलक कि ओकरा आगु अपन मैथिल खानपान, बोलि-भाषा, परम्परा सब फिका पैर गेल अवस्था अछि। आधुनिकता के नाम पर अपन परम्पराके भाव आ वैज्ञानिकता बिना बुझ्ने ओकर उपहास केनाइ या ओइपर अविश्वास केनाइ मे कोनो बौद्धिकता नै होइत छै। संस्कृति आ परम्परा हमर आहाके धरोहर हि नै बल्कि अस्तित्व अछि। जेकर निर्बाह आ संरक्षण हमर आहाके दायित्व सेहो अछि। अपन अपन बचपन के स्मरण सब याद कैर अपना सब अखनो उर्जा आ आनन्द महसूस करैत छि। वेहे बचपन जैमे पुजा पाठ मे गायके गोबर स आँगन निपैत छलौं। चाउरक आँटा के घोइर जेकरा पिठार कहैत छै ओइ स मैथिल संस्कृति अनुरुप अइरपन पर अपन चित्रकारी अंकित करैछलौ। केक्रो विवाहदान, मुण्डन आ चुराकर्ण संस्कार मे टोल परोसक महिलासब गोसावनी गीत

मुदा बहुत महत्वपूर्ण पावैन जितिया के सेहो याह अवस्था अछि। मधेश प्रदेश मे भले एकर सार्वजनिक बिदा लोग मनवैत होय लेकिन अगर जानकारी एकट्ठा काइल जाय त ना के बराबर हि अखनके लोक मे अइ पावैनके कथा आ महात्मके बारेमे जानकारी भेटत। मैथिल परम्परा अनुरुप विवाह मे लाल धोति आ कुर्ता तहिना माथ पर मौर लगाक मैथिल रिवाज आ गीतनाद के साथ विवाह होइत छैक। मुदा अखन पैन्ट, शर्ट, कोट आ टाई लगाक विवाह करवाक फेसन स अपन भेष आ संस्कारके संरक्षण कठिन भगेल अछि। दक्षिण भारत मे अधिकांश लोग अखनो विवाह आदि संस्कार अपना परम्परा मे हि केनाइ पसंद करै छैक भले ओ कत्बो धनाढ्य या बारका वैज्ञानिक हि किया नै होथिन।

मात्रे सामा-चकेवा नै कि एहन बहुत रास छोट-बरका पावैन आ लोक संस्कृति छै मिथिला मे जे अखन के युवा पिढी के ध्यान नै देलाक कारण लुप्त होवके अवस्था मे आइब गेल अछि। सामा चकेवा के समय के दस दिन के उमंग स भाइ बहिन के सम्बन्ध मे मधुरता बरहैत छै। इ पावैन स मनोवैज्ञानिक स्तर पर सेहो सामाजिक सम्बन्ध मे अनुशासन आ मजबूति अवैत छै। मैथिल बहुत रासे पावैन, परम्परा, संस्कृति, पहिरन, खानपान छै जक्रा बारेमे चर्चा कायल जाय त मैथिल समाजके सामाजिक वैज्ञानिकता पर मन्त्रमुग्ध भ जाय लोक। भाइ बहिन के उमंग वाला पावैन के स्वरूप मे किछु मुठ्ठी भर पावैन मात्रे अछि। तही मे राखि आ भाइटिका मात्र बेसी ख्याती ल सकल। जब कि दुनु पर्व एक एक दिन के मात्र अइ जब कि सब स बेसीदिनतक आ



आ अन्य लोक गीत गबैत छलाहा। आब त मैथिल गीतनाद विद्यापति जीके रचना मात्रमे सिमित रैहजायत एना बुझाइय। मैथिल विवाह जहाँ पहिले सम्पूर्ण परम्परा सब निभबैत राइत स भोर भ जाईछल से विवाह आइकाइल कुछ बन्हिया-बन्हिया मैरेजहल सबमे कुछ घण्टामे समाप्त भ जाइत अछि। आइकाइल के पुस्ता के अपन परम्परा-संस्कृतिके बारेमे जानकारी नै भेनाइ के गम्भीरता स नै ल बल्कि एकदम सहजता स लेनाइ हि कहीकतौ संस्कृति लोप होवके मुख्य कारण अछि। याह परिस्थिति के बलि चरहल अछि सामा - चकेवा पावैन सेहो। आब परिस्थिति एत तक भयावह भ गेल अछि कि मैथिल बहुत रासे पारम्परिक परिकार आ लोक परम्परा , पावैन आदि के बारेमे नै कतौ लिखित व्याख्या सहज भेटैत अछि आ नै ओ सब अखन के नव पुस्ता के अभ्यास मे हि अछि। एकता अहिना छोट बिधि वाला सुन्दर कलात्मक ढंग स सामा-चकेवा मनायल जाइत अछि। आइ सारा पश्चिमी देश जहाँ अपन सभहक जीवन शैली, परम्परा आ इतिहास पर सोध कैर स्वयम्के बिकास के आरो व्यवस्थित करमे लागल अछि, ओही ठाम अपन सब के स्वयम् के इतिहास, परम्परा, संस्कृति, पर्व त्यौहार, पहिरन पर स आइंख फेर लेला स आव वाला पुस्ता के अस्तित्व स मैथिल अस्तित्व खोज्लो पर नै भेटत। छि मैथिल आ क्षणिक देखाउंसमे सन्तान संग घर मे अंग्रेजी, नेपाली या आरो दोसर भाषा मे बजैत छि। अई स संस्कृति त छोरु मैथिली भाषा सेहो खतरा मे अछि।

देश के कानून आ सार्वभौम सत्ता के सम्मान करैत नेपाली आ सम्पुर्ण भाषा के जानकारी आ अभ्यास नितान्त आवश्यक छै। मुदा मातृ भाषा, लोक संस्कृति के संरक्षण सेहो ओतबे महत्वपूर्ण जिम्मेवारी बनैत छै सब के।






## श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालय बिन्धी

जनकपुरधाम उ.म.न.पा.–२३, धनुषा

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/१२/२२

यस विद्यालयको मिति २०८१/०९/१४ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय तथा जनकपुरधाम उ.म.न.पा.को प.सं. २०८१/०८२ च.नं. ५३१९ मिति २०८१/१२/१७ गतेको प्राप्त विज्ञापन अनुमति पत्र अनुसार विद्यालय कर्मचारी पदमा खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नु पर्ने भएको हुँदा तपसिलका योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट विज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त फाराम भर्न हुन आह्वान गरिएको छ ।

तपसिल

१. **विज्ञापन नं.** :- १/०८१/०८२
२. **विज्ञापन मिति** :– २०८१/१२/२२
३. **पद** :– विद्यालय कर्मचारी
४. **आवश्यक संख्या** :– १ (एक)
५. **नियुक्तिको किसिम** :– करार
६. **शैक्षिक योग्यता** :– वाणिज्य विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण
७. **तालिम** :– कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको साथै Office Package र Tally को जानकारी भएको ।
८. **उमेर हद** :– १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
९. **तलब सुविधा** :– जनकपुरधाम उ.म.न.पा.बाट प्राप्त अनुदान बमोजिम
१०. **आवश्यक कागजात** :– शैक्षिक योग्यता, तालिम तथा नेपाली नागरिकता प्रमाण पत्रहरुको छायाँप्रति
११. **परीक्षाको किसिम** :– लिखित, मौखिक र सीप परीक्षण
१२. **परीक्षा दस्तुर** :– रु ७००।- परीक्षा दस्तुर वापतको रकम यस विद्यालयको नाममा सञ्चालित नेपाल बैंक लि.को चल्ती हि.नं. ००८००१००४६४१६४००००००१ मा जम्मा गरी सक्कल भौचर पेश गरिनु पर्नेछ ।
१३. **दरखास्त दिने अन्तिम मिति** :– २०८१/०१/०५ गते दिउँसो ४:०० बजेसम्म
१४. **सम्पर्क मिति** :– २०८२/०१/०७ गते

**नोट** :- परीक्षा मिति र परीक्षा हुने स्थान सम्पर्क मितिमा तोकिनेछ। थप जानकारीको लागि ९८४४०२१२०९ र ९८४४०२१८४५ मा सम्पर्क गर्नुहोला ।

**प्रधानाध्यापक**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। नयाँ कदम ।।

नयाँ बिहानी, नयाँ आशा,
सपना बोकी उठ्छ धरणी भाषा।
हिजोका पाना सकिए होलान्,
आजका कथा नयाँ बोलान्।
हिँड्नु छ बाटो उकालो ओरालो,
मनमा साहस, मुटुमा उज्यालो।
डगमगाउँदा पनि अघि बढौँ,
डरलाई जिती आँटले जडौँ।
नयाँ पाइलाले लाउँछ सन्देश,
बदलिन्छ जीवन, बढ्छ रमेश।
गल्ती पनि सिकाई बन्छ,
अन्धकारमा पनि आशा चम्कन्छ।
सपना साकार बनाउने छ चाह,
पछाडि होइन, अघि बढ्ने राह।
श्रम, संघर्ष र सत्यको संगत,
नयाँ यात्राको हो यो प्रारम्भ।
हामी चलौँ अब नडरीकन,
नयाँ कदम हो, सधैँ अघि सर्न।



लेखक : नवल प्रसाद यादव
ठेगाना : सखुवा प्रसौनी गाउँपालीका पर्सा

## ।। प्रदेश ।।

प्रदेश अपना देश सँ
बहुत फरक होई छै
प्रदेश के बोलीँ भाषा
वातावरण रहन सहन
हावा पानि अपना देश
सँ बहुत फरक होई छै
प्रदेशमे फ्रिजके बासी साग सब्जी
माउस माछ खैलाके ओज सँ
अनेक किसीम के बिमारी
सँ लोक पिडित रहै छै त
कम्पनी के कारण पिडित रहै छै
और कम्पनीमे चम्चा गिरि
कैनिहार सँ ओतबे लोक पिडित
रहै छै एनी के चुगलि ओनि कर
बलाके प्रदेश मे कम्मी नै रहै छै
प्रदेश के
जिन्दगी खुल्ला जेल जेना
सेहो बिताब परै छै भैर दिन
डिप्टी क क थाकल ठेहलियाईल
तेकरा बाद जेल जेहन क्याप मे
जिन्दगी गुजरा कर परै छै बुझाय
रहै छै प्रदेशके जिन्दगी कहुँ जिन्दगी
छै
प्रदेशमे लोक पाई कमाईके चक्करमे
अपन देश घर परिवार बाल बच्चा सर
समाजके छोईर लोक अबै छै ४०,५०
डिग्री रौद मे अपन खुन के पसीना
बनाक कमाई छै लेकिन मेहनत पसीनाके
मजदूरी कहाँ मिलै छै लोक प्रदेशमे
घुइट घुइटक जियै छै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## 'माया'

मायाको कुनै मापन हुँदैन,
न त यो शब्दले सिमित हुन्छ।
यो त आत्माको गहिराइ हो,
जसले दुई मुटुलाई एक बनाउँछ।
नयनले नयनसँग बोल्छ,
शब्दहरू निस्शब्द हुन्छन्।
स्पर्श बिना नै महसुस हुन्छ,
जब प्रेम हृदयभित्र फुल्छ।
दुःखमा अँगालो बनेर अडिन्छ,
सुखमा हासोको उज्यालो छर्छ।
माया त समयको सीमाभन्दा पर,
सधैँभरि जीवनभरी रहन्छ।
यदि माया साँचो छ भने,
समयले कहिल्यै टुटाउन सक्दैन।
बादलले घामलाई छेक्न सक्छ,
तर उज्यालोलाई हराउन सक्दैन।।



लेखक:दिलीप कुमार दास
ठेगाना:धनुषाधाम -४ लक्ष्मीपुर

## ।। आर्थको आनर्थ ।।

आर्थ खोज्दै दौडिन्छ मान्छे,
दुःख, पसिना बगाइ दिनरात,
थुपार्दै पैसा, घर र गाडी,
तर मन खाली, खै सन्तोष साथ?
आर्थले किन्छ सुविधाहरू,
किन्छ ऐशआरामका क्षण,
तर बेच्न सक्दैन त्यो हाँसो,
नैसर्गिक माया, न आत्मा सन्तोष।
थोरैमा खुसी हुन छोड्दा,
लोभको आगोमा जल्छ जीवन,
अर्कालाई कुल्ची अघि बढ्नेहरू,
सकिन्छन् आफैं, रहन्छन् शून्य सपन।
सम्पत्ति भए पनि शान्ति छैन,
मन भित्र त्रास र भय,
आर्थले त सुख दिन सक्छ,
तर आनन्द दिन सक्दैन कहिल्यै।
त्यसैले आर्थ कमाउ तर,
मनको सन्तुलन नगुमाउ,
सच्चा धन त माया हो,
यो सत्य कहिल्यै नबिर्स जाऊ!



लेखक:रश्मी दनुवार
मोरङ, नेपाल

## ।।शिक्षकको कडा आन्दोलन।।

शिक्षकको कदमले उठाउँछ यथार्थको आवाज,
हाम्रो संघर्ष हो, हाम्रो अधिकारको माग।
शिक्षक बिना शिक्षा अधुरो हुन्छ,
समाजको विकास हाम्रो हातमा पर्छ।
हाम्रो कसम, हाम्रो परिश्रम,
शिक्षकको पिढी जनताको भविष्य बनाउँछ।
तर अहिले हाम्रो हकमा अन्याय भइरहेको छ,
शिक्षकको कदर हाम्रो अधिकारमा अड्किरहेको छ।
सपना साँचो बनाउन, हामी उठेका छौं,
हाम्रो संघर्षले तपाईंलाई सुनाउने छौं।
हाम्रो शिक्षा भविष्यको उज्यालो हो,
तर शिक्षकलाई सम्मान बिना त्यो अधुरो हुन्छ।
शिक्षकको मेहनतलाई हेरेर सम्मान दिइयो भने,
समाजको उज्यालो अझ चम्किलो हुनेछ भने।
हामीसँग कुनै डर छैन, हाम्रो संघर्ष बलियो छ,
शिक्षकको अधिकारका लागि हाम्रो लडाइँ जारी छ।
हामी सरकारसँग अब यही कुरा राख्दैछौं,
शिक्षकको हक, सम्मान, न्यायको माग गर्दैछौं।
यो आन्दोलन केवल शिक्षकको होइन,
समाजको र भविष्यको सुरक्षाको लागि हो।
हामीसँग आशा छ, तपाईं बुझन सक्नुहुनेछ,
शिक्षकको कदर र सम्मान दिनुहुनेछ।
यो संघर्ष हाम्रो, तपाईंको, र समाजको हो,
शिक्षकको अधिकार र भविष्यको हो।



कविता लेखक:- नबिन श्रेष्ठ
हाल अध्ययन शिक्षण:- बि.एड स्नातक चौथो बर्ष
ठेगाना:- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-१
अध्यनरत हाल कलेज:- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी

## ।। शिक्षा: व्यापार कि उज्यालो? ।।

शिक्षा थियो उज्यालो ज्योति,
ज्ञानको दीप, सत्यको स्रोत।
तर आज किन लाग्छ यस्तो,
बनेछ व्यापार, खरिद-बिक्रीको कोट?
कलम बेचिन्छ महँगो दामले,
किताब छ कागज मात्र नामले।
विद्यालय भव्य, महलजस्तै,
शिक्षा बेचिन्छ पैसाको रामले।
बुद्धि होइन, प्रमाणपत्र खोजिन्छ,
गहिरो ज्ञान होइन, अंक नै तोलिन्छ।
पैसाले मिल्छ पद र डिग्री,
गरिबका सपना किन चकनाचूर बनिन्छ?
शिक्षा त हो उज्यालो दिन,
समानता र न्यायको छिनछिन।
तर जब यो व्यापार बन्दछ,
समाज अन्धकारमै बिलाउँछ किन?
अब समय छ, सोचौँ फेरि,
ज्ञान हो मुक्ति, होइन केरि।
शिक्षालाई नबनाऔँ व्यापार,
बनाऔँ सबैको उज्यालो आधार।



लेखक: बब्लु शर्मा
ज. उ. न. पा. -७

## ।। सत्तालिप्सा ।।

यज्ञ हुँदै छ
महायज्ञ हुँदै छ
राजतन्त्र र गणतन्त्रको नाममा
षड्यन्त्र हुँदै छ
हामी त केवल आहुती हौँ
यस महायज्ञको ।
संग्राम हुँदै छ
महासंग्राम हुँदै छ
राजतन्त्र र गणतन्त्रको नाममा
सत्तालिप्सा पूरा गर्ने
सरजाम हुँदै छ
हामी त केवल
तुच्छ सेना मात्र हौँ
यस संग्रामको।
कोहि भन्छ राजतन्त्र आउला
कोहि भन्छ गणतन्त्र आउला
राजतन्त्रले राजगद्दी पाउला
गणतन्त्रले कुर्सी पाउला
थाहा छैन् जनताका लागि
कुन तन्त्रले के ल्याउला?
कसैले नरायणहिटी पाउला
कोही सुखसयलमा रमाउला
कसैको खातामा विदेशी डलर आउला
कोही ऋणबाट मुक्ति पाउला
तर थाहा छैन् जनताले
रोग,भोकबाट उन्मुक्ति कहिले
नमेटिने दासत्वको
प्यास कहिले मेटाउला ?
हामी सधैँ लडेका थियौ
लडिरहेछौँ र लडिरहने छौँ
हामी सधैँ लखेटिएका थियौँ
लखेटिरहेछौँ र लखेटिरहने छौँ
तर थाहा छैन् हामीले
काम पाउँछौ कि पाउँदैनौ
थाहा छैन् हामीले
माम पाउँछौ कि पाउँदैनौँ?
किनकी यस देशमा
यज्ञ हुँदै छ महायज्ञ हुँदै छ
राजतन्त्र र गणतन्त्रको नाममा
सबभन्दा ठूलो लुटतन्त्र हुँदै छ।



नाम:पिंकी कुमारी दास
श्री रामनारायण अयोध्या मा.वि पिपरा-४

## 'तिमि भए पुग्छ'

तिमी भए बिहानीमा चिया भए पुग्छ खाजा चाहिदैन।
म संग हात समाएर हिडिदिए पुग्छ गाडी चाहिदैन।
एउटा फुल टिपि ल्याइदिए पुग्छ मलाई उपहारको चाहिदैन।
यसै हराउछु, तिमी बोलि दिए पुग्छ मलाई सङ्गित चाहिदैन।
।म त यसरी पनि जिउन सक्छु।
थोरै ठाउँ तिम्रो अङ्गालोमा दिए पुग्छ मलाई घर चाहिदैन।
खुसी म संग आएर साटिदिए पुग्छ।
।मलाई धन चाहिदैन ।
मेरा चाहनाहरु, तिमीमा नै गएर खतम हुन पुग्छ।
मलाई अरु केही चाहिदैन, बस तिमि भए पुग्छ।



लेखक :- मुकेश कुमार यादव (व)
सबैला ११ इनर्वा (धनुषा)

## ।। बुबाको आशीर्वाद खाडीमा ।।

तेरो प्रगति मेरो सपना ,तर त कमाईस मेरो बिपना
खुसी सदैब तिम्रो साथ होस,म नभए पनि भगवान तिम्रो साथ होस,
काधमा राखी तिमिलाइ संसार डुलाएन,
माफ गर्नु छोरा तिमिलाइ बिदेश पठाए म,
के गर्ने यस्तै रैछ नेपालको भाग्य पनि
युवालाई त खटने पर्छ खाडीको मुनि,
ल सफलता तिम्रो साथ होस ,जित नै तिम्रो खास होस
हारे पनि अटल विश्वास होस,आशिष छ छोरा छिटै घर फर्किने
आट होस
शान्त स्वभाव .निर्मल छ मन तेरो,
अरुको रुवाईमा दुख छ नि मन तेरो,
सब थाह छ तिम्रो अनौठो गुनहरु
बिर्सेको छैन तिमी सडको छनहरु



स्नेही साह
ठेगाना : जनकपुरधाम ११
हाल : खाडीमा

## ।। गजल ।।

गाम-गाम अपराधीक जय जयकार देखैछी
लाज'स आँखि मुन्ने निकम्मा सरकार देखैछी
शोणीत, पसेना बेचैत देशक होनहार युवा
अरब देश मरुभूमि में बेबस लचार देखैछी
लोकतान्त्रिक गणतन्त्रके आन्हर सरकारक
भ्रष्ट इमान अंहकार भरल पत्रकार देखैछी
बन्दी आ हडताल सँ तहसनहस भेल शहरमे
राजनेताक अलिसान महलके अकार देखैछी
मौन भेल पुलिस,प्रशासन आम जनमानस
भाई-भाईक गर्दन कटैत कु-संस्कार देखैछी



उदगार यादव
मिथिला बिहारी नगरपालिका, सिरसिया-६

## ।। सपना र संघर्ष ।।


हजारौँ सपना, लाखौँ चुनौती,
तैपनि मनमा छ एउटै ज्योति।
सधैँ मुस्कुराउने अदम्य असर छ,
अन्धकारमै उज्यालो खोज्ने रहर छ।
जिन्दगीका पानाहरूमा लेख्दै छु कथा,
संघर्षका आँधीले रोके पनि बाटा।
साना कोठाभित्र ठूला सपना बुन्दै छु,
एक दिन त भेट्नेछु लक्ष्य, यही उत्साहले हिँड्दै छु।
बुभ्रेर मनको गहिरो मर्म,
सपना साकार पार्न गर्दैछु कर्म।
मिहिनेतले सजाउँदैछु दिन र रात्रि
यस जीवनको म एक अनौठो यात्री ।



नाम - रिध्दिकेश झा
ठेगाना - बिरगंज म.न.पा- १५
हाल - किर्गिजस्तान (MBBS) अध्ययनरत

## ।। मलाई रोयल होइन लोयल चाहिएको थियो ।।

संखा पदमा तिम्रो संस्कार त होइन पहिला देखि नै व्यवहार थियो
मलाई तिमी माथी कुना बढी आश त थिएन तर अहिले पनि थोरै
जन विश्वास पालेको छु ( सायद त्यो मेरो भ्रम हुन् सकिन्छ )
तिमी रहँदा सुख त केही पाएन तर जादा थोरै भए पनि दुःख त
पाइयो ।
फरक यति मात्र थियो मायामा तिमी व्यापारी थियो म
व्यवहारिक थियो ।
बोल्न मन त धेरै थियो तर मेरो संस्कारले मन र धैर्य रहन
सिकायो । जे भए पनि अल बिदा प्रिय



अजय यादव ( स. वि कान्छा ढाई )
जनकपुरधाम ०४ पिडरिया माई थान

## मायाको कुनै मूल्य हुने भए

मायाको कुनै मूल्य हुने भए,
संसार किन व्यापार गर्थ्यो र?
नयनमा राख्ने त्यो सपना सबै,
बोलिमा आएर किन हार्दथ्यो र?
भावनालाई नि तौलने भए,
मन सँगै बन्धकी पर्दथ्यो र?
साँचो माया जहाँ बिक्दैन,
त्यहाँ किन अर्थले जित्थ्यो र?



बिनय दाहाल काजी

# 'कर्मा'को ट्रेलर रिलिज, एक्सन अवतारमा विपिन

काठमाण्डु । नयाँ वर्ष २०८२ को छेको पारेर चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कर्मा'को ट्रेलर सार्वजनिक गरिएको छ ।

बिहीबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक तीन मिनेट लामो ट्रेलरमा भ्रष्ट सिस्टमले अपराधी करार भएका एक पात्रको संघर्षलाई देखाइएको छ । ट्रेलरको अन्तिम तीस सेकेण्ड सशक्त देखिन्छ, जहाँ अभिनेता विपिन कार्की एक्सन अवतारमा प्रस्तुत छन् ।

एउटा साधारण व्यक्तिलाई जब सिस्टमले अपराधी बनाउँछ, तब ऊ बदला लिन कुन हदसम्म उत्रिन्छ भन्ने ट्रेलरमा देखाइएको छ । अभिनेत्री उपासना सिंह ठकुरीसँग विपिनको प्रेम र मनमुटावका दृश्य पनि ट्रेलरमा छन् । अभिनेता मुकुन भुसाल भने नकारात्मक भूमिकामा छन् । बाइक चेजिङ सिन, ब्याकग्राउन्ड म्यूजिक र एक्सन कोरियोग्राफी ट्रेलरको आकर्षक पक्ष हो ।

'कर्मा'मा सौरभ चौधरीको लेखन तथा निर्देशन छ । यसअघि उनले 'अगस्त्य' निर्देशन गरेका थिए । फिल्ममा विपिन, उपासना र मुकुनसहित दिव्यदेव पन्त, सरिता गिरी, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मा लगायतको अभिनय छ ।

# 'पत्रकारितामा महिलाको अर्थपूर्ण सहभागिताका लागि क्षमता अभिवृद्धि जरुरी'



काठमाण्डु । पत्रकारितामा महिलाको अर्थपूर्ण सहभागिताका लागि उनीहरुको क्षमता अभिवृद्धिमा जोड दिइएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा शुक्रबार आयोजित 'पत्रकार महिलाहरुसँगको छलफल तथा अन्तरक्रियात्मक अभिमुखीकरण कार्यक्रम' मा सरकारका प्रतिनिधि, सरोकारवाला र पत्रकार महिलाहरुले समाज रुपान्तरण, पेसागत पहिचान निर्माणका लागि पत्रकार महिलाहरुको क्षमता अभिवृद्धिको आवश्यकता औंल्याउनुभयो ।

मन्त्रालयका सचिव राधिका अर्यालले खोजमूलक पत्रकारितामा पत्रकार महिलाको सहभागिता बढाउन सुझाव दिनुभयो । उहाँले महिलाको अर्थपूर्ण सहभागिता र सारभूत समानता कायम भए/नभएको दृष्टिकोणबाट छलफल एवं बहसका कार्यक्रम अघि बढाउन आवश्यक रहेको चर्चा गर्नुभयो ।

"राजनीति, आर्थिक, जलवायु परिवर्तन र विज्ञान प्रविधिलगायतका क्षेत्रमा पत्रकार महिला कहाँ छौँ ? प्रभाव पार्न सक्ने, पहिचान दिन सक्ने ठाउँमा हाम्रो सहभागिता बढाउनुपर्छ", उहाँले भन्नुभयो । सचिव अर्यालले पेसागत क्षमता अभिवृद्धिसँगै गुणस्तर कायम गर्न आग्रह गर्नुभयो । उहाँले मन्त्रालयले निर्माण गरेका नीति तथा कानुन परिमार्जन हुने क्रममा रहेकाले छलफलबाट उठेका विषय सहयोगी हुने बताउनुभयो ।

अन्तरक्रियामा नेपाल पत्रकार महासङ्घका कार्यवाहक अध्यक्ष दीपक आचार्यले समाज रुपान्तरण र मुलुकको समृद्धिका लागि महिला सशक्तीकरणसँगै पत्रकार महिलाको भूमिकाबारे चर्चा गर्नुभयो । उहाँले महासङ्घले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने सञ्चार संस्थालाई पुरस्कृत गर्ने तयारी गरिरहेको समेत उल्लेख गर्नुभयो ।

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले आफू महासङ्घको नेतृत्वमा रहँदा 'पोलिसी डिपार्चर' सुरु गरिएको बताउनुभयो । तत्कालीन समयमा महासङ्घले सकारात्मक विभेदको अभ्यासको सुरुआत गरेको स्मरण गर्दै उहाँले सोही नीतिका कारण नेतृत्व तहमा पत्रकार महिलाको सहभागिता बढेको बताउनुभयो । यद्यपि अझै पनि सञ्चारगृहको नेतृत्वमा पत्रकार महिलाको उल्लेख्य सहभागिता नभएको उहाँको भनाइ थियो । उहाँले श्रमजीवी पत्रकारसम्बन्धी ऐनको पूर्ण कार्यान्वयनले पत्रकार महिलाका धेरै मुद्दा सम्बोधन हुने धारणा व्यक्त गर्नुभयो ।

सञ्चार मन्त्रालय, सञ्चार महाशाखा प्रमुख एवं सहसचिव गजेन्द्र ठाकुरले सामाजिक क्षेत्रमा खोजमूलक पत्रकारिता जरुरी भएको बताउनुभयो । उहाँले पत्रकारको क्षमता अभिवृद्धिका लागि मन्त्रालयले नीति तथा कार्यक्रममार्फत बहस र पैरवीलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

अन्तरक्रियामा प्रेस काउन्सिल नेपालका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले पत्रकार आचारसंहिता तथा पत्रकारिता क्षेत्रमा समसामयिक सवालबारे प्रस्तुतीकरण दिनुभयो ।रासस

# संविधान र व्यवस्थाप्रति वितृष्णा फैलाउने उद्देश्यः गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले अराजकतामार्फत संविधान र व्यवस्थाप्रति वितृष्णा फैलाउने उद्देश्यका साथ पूर्वराजाका समर्थकहरुले तीनकुनेमा हिंस्रक घटना घटाएको बताउनुभएको छ ।

शुक्रबार प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा गृहमन्त्री लेखकले यही चैत १५ गते काठमाडौँको तीनकुनेमा भएका घटनाको निष्पक्ष छानबिन हुने बताउनुभयो । उहाँले आगामी दिनमा संविधान र व्यवस्था विरोधी



अराजक गतिविधिलाई कानुनको दायरामा ल्याई नागरिकमा सुरक्षाको प्रत्याभूति दिलाउने र लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने वातावरण निर्माणमा सरकार थप क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"शान्तिपूर्वक भेला हुन पाउने संविधानप्रदत्त अधिकारको अवमूल्यन हुनेगरी भएको तोडफोड, विध्वंश तथा आक्रमण कुनै राजनीतिक दर्शन, विचार र आदर्शबाट प्रेरित भएको थियो भनेर अनुमानसम्म गर्न सकिँदैन ।" उहाँले भन्नुभयो, "आगामी दिनमा यस प्रकारका गैरजिम्मेवार, अराजक र उद्दण्डतापूर्ण गतिविधि हुन नदिन सरकार प्रतिबद्ध छ । यस किसिमका अराजक गतिविधिमा संलग्न नहुन आम नागरिकहरूमा अनुरोधसमेत गर्दछु ।"

उहाँले यस्ता कार्य अक्षम्य र भर्त्सनायोग्य रहेको उल्लेख गर्दै यसको जिम्मा आयोजक र संलग्नहरूले लिनुपर्ने बताउनुभयो । लोकतन्त्र मास्न खोज्नेहरूको पहिलो निशानामा सञ्चार जगत् रहन्छ भन्ने कुरा खोजीखोजी सञ्चार गृहमा भएको आक्रमणबाट समेत पुष्टि हुने बताउँदै उहाँले सरकारले सञ्चारकर्मी र सञ्चारगृहको सुरक्षा प्रबन्ध मिलाउने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रमस्थलबाट अगुवा भनिएका व्यक्तिहरूले नै भीडलाई उत्तेजित बनाउनेगरी सबै साथीहरू परपर बसेर हेर्ने होइन, अगाडि बढ्नोस्, संसद् भवनलाई इङ्गित गर्दै बानेश्वरतर्फ अगाडि बढ्नुहोस्जस्ता निर्देशन दिएपछि अनियन्त्रित बनेको भीडलाई नियन्त्रणमा लिन प्रहरीले मौखिक रूपमा पटकपटक सचेत गराएको लेखकको भनाइ छ ।

प्रतिनिधिसभा सदस्य धवलशम्शेर राणासहित आपराधिक कार्यमा संलग्न १४८ जनालाई नियन्त्रणमा लिइएको जानकारी दिँदै मन्त्री लेखकले जसमध्ये ६६ जनामाथि जिल्ला अदालतबाट अनुमति लिई अनुसन्धान भइरहेको र अन्य ८९ जनालाई परिवार एवं आफन्तको जिम्मा लगाएर छाडिएको बताउनुभयो ।रासस

# थाइल्याण्डको औपचारिक भ्रमण ऐतिहासिकः प्रधानमन्त्री ओली




बैङ्कक । प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्याण्डको पहिलो औपचारिक भ्रमण ऐतिहासिक र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौँ शिखर सम्मेलन सफल भएको बताउनुभएको छ ।

थाइल्याण्डको औपचारिक भ्रमण र बिम्स्टेकको शिखर सम्मेलनका क्रममा बैङ्ककमा रहनुभएका प्रधानमन्त्री ओलीले स्वदेश फर्कनु एक दिनअघि शुक्रबार प्रिदीबानोमयाङस्थित नेपाली राजदूतावासको कार्यालय अवलोकन गर्दै यो भ्रमण सफल रहेको बताउनुभयो ।

नेपाल र थाइल्याण्डबीच कूटनीतिक सम्बन्ध भएको ६६ वर्षको इतिहासमा नेपालका प्रधानमन्त्रीबाट थाइल्याण्डको भ्रमण भएको यो पहिलो अवसर हो । प्रधानमन्त्री ओलीले भ्रमण र शिखर सम्मेलनका क्रममा भएका द्विपक्षीय भेटवार्ताका क्रममा पनि ती मुलुकसँगको सम्बन्ध विस्तारमा थप बल पुगेको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीलेथाइल्याण्डकाप्रधानमन्त्री पेथोङथान शिनावात्रालाई नेपालको औपचारिक भ्रमणको निमन्त्रणा दिनुभएको छ भने दुईपक्षीय वार्ताका क्रममा संस्कृति, पर्यटनसहित आठ विषयमा सम्झौतामा हस्ताक्षर भएको थियो ।प्रधानमन्त्री ओलीले आफ्नै जग्गामा नेपाली राजदूतावास सञ्चालन भएकामा खुसी व्यक्त गर्दै आगामी दिनमा यसका लागि थप पूर्वाधार विकास गर्नुपर्ने खाँचो औँल्याउनुभयो ।

प्रधानमन्त्री ओलीसहित भ्रमण दलमा रहनुभएका प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक विकास सल्लाहकार डा युवराज अतिवडा, मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, शिष्टाचार महापाल विष्णुप्रसाद गौतमलगायतले दूतावासको अवलोकन गर्नुभएको थियो । भ्रमण दललाई स्वागत गर्दै थाइल्याण्डका लागि नेपाली राजदूत धनबहादुर वलीले दूतावासको आफ्नै जग्गामा भवन भए पनि नयाँ भवन बनाउनुपर्ने र जग्गा पनि थप विस्तार गर्नुपर्ने अवस्थाबारे जानकारी गराउनुभएको थियो ।


शुक्रबार साँझ दूतावासले प्रधानमन्त्री ओलीको सम्मानमा आयोजना गरेको स्वागत समारोहमा उहाँसहित भ्रमण दलका सदस्यहरू र यहाँस्थिति नेपाली समुदायका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो ।

शिखर सम्मेलनले यस क्षेत्रको व्यापार विस्तार, सम्पर्क सञ्जाल र मानवीय सुरक्षालाई केन्द्रमा राखेर सम्मेलनले समृद्धि, अनुकूलन र खुलापनको नाराअन्तर्गत बिम्स्टेक बैङ्कक भिजनसहित छबुँदे प्रस्ताव पारित गरेको थियो ।रासस

# 'नेपालमा मानव संसाधन विकासका लागि 'एओटिएस' जापानको योगदान महत्वपूर्ण'

पाटन । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपालमा मानव संसाधन विकासका लागि एसोसिएसन फर ओभरसिज टेक्निकल कोअपरेसन एन्ड सस्टेनेबल पार्टनरसिप (एओटिएस) जापानको योगदान महत्वपूर्ण रहेको बताउनुभएको छ ।

एओटिएस जापान नेपाल एलुम्नाई सोसाइटीको आयोजनामा शुक्रबार भएको साउथ एसियन फेडरेसन अफ एओटिएस एलुम्नाई सोसाइटी फेडेरेसनको




१४औं अधिवेशन उद्घाटन सत्रमा उहाँले नेपालमा मानव संसाधन विकासका साथै जनशक्तिको गुणस्तर, व्यवस्थापन, प्रविधि तथा औद्योगिक विकासका क्षेत्रमा एओटिएस जापानले विगत ३४ वर्षदेखि स्वयंसेवी रूपमा योगदान दिँदै आएको भन्दै प्रशंसा गर्नुभयो ।

"नेपालको मानव संसाधन विकासलाई जापान तथा दक्षिण एसियाली मुलुकहरूसँग द्विपक्षीय तथा क्षेत्रीय सहयोगमार्फत प्रवर्द्धन गर्ने एओटिएस तथा यसका एलुम्नाईहरूको समर्पण, सामूहिक भावना तथा दृढ इच्छाशक्ति अत्यन्त प्रशंसनीय रहेको छ, यस सम्मेलनमा महत्वपूर्ण विषयमा गरिने छलफलहरू उपलब्धिमूलक हुनेछन्", उहाँले भन्नुभयो ।

मन्त्री भण्डारीले नेपालमा एओटिएसको निरन्तर सक्रियता तथा यसको योगदानले यहाँको औद्योगिक विकास, व्यवस्थापन तथा प्रविधिगत नवप्रवर्तनमा दीर्घकालीन प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सम्मेलनका माध्यमबाट दक्षिण एसियाली मुलुकहरूबीच आपसी समझदारी, प्रविधि आदानप्रदान तथा व्यावसायिक अवसरहरू सृजना गर्नेसमेत बताउनुभयो ।

नेपाल एओटिएस एल्मुनाई सोसाइटीका अध्यक्ष किशोरभक्त माथेमाले यस सम्मेलनले नेपाललाई अन्तरराष्ट्रिय मञ्चमा मानव संसाधन विकासका क्षेत्रमा अग्रसर राष्ट्रका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको बताउनुभयो । रासस

# राष्ट्रिय जनमोर्चाद्वारा गणतन्त्र र राष्ट्रियता रक्षा गर्न अभियान




काठमाण्डु । राष्ट्रिय जनमोर्चाले गणतन्त्र र राष्ट्रियताको रक्षा तथा सङ्घीयताका विषयमा पार्टीको धारणा स्थापित गराउन यही चैत २४ गतेदेखि काठमाडौँ केन्द्रित साताव्यापी अभियान सञ्चालन गर्ने भएको छ ।

पार्टीद्वारा शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष चित्रबहादुर केसीले गणतन्त्र र राष्ट्रियताको रक्षाको पक्षमा अभियान सञ्चालन हुने जानकारी दिनुभयो । काठमाडौँको तीनकुनेमा यही चैत १५ गते भएको घटनाले मुलुकमा प्रतिगमनको खतरा देखापरेका कारण राजधानी केन्द्रित पार्टी सचेतनासहितका कार्यक्रम गर्न लागेको उहाँले स्पष्ट पार्नुभयो ।त्यस अवसरमा पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "सम्पूर्ण गणतन्त्रवादी शक्तिहरुबीच प्रतिगमनविरुद्ध सहकार्यको आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।"

सो पार्टीका उपाध्यक्ष एवं संविधानसभा सदस्य दुर्गा पौडेलले सरकार र संसद्को सट्यामा भएको वृद्धिले खर्चको भार बढेर आर्थिक रुपमा मुलुक सञ्चालनमा चुनौती परिरहेको तर्क गर्नुभयो ।

उहाँले भन्नुभयो, "जिल्ला र केन्द्रका बीचमा समन्वयका लागि प्रदेशस्तरको प्रशासनिक संरचनाको निर्माणमा हामीले जोड दिन्छौँ ।"उक्त पार्टीले नेपालको राष्ट्रियताका विरुद्धमा भइरहेको विभिन्न खाले षडयन्त्रका विरुद्ध सङ्घर्ष गरेर नै मुलुकको राष्ट्रियताको रक्षा गर्दै आएको जनाएको छ ।रासस

# 'गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन'

दमक । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले लोकतान्त्रिक गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस प्रदेशसभा क्षेत्रीय कार्यसमिति झापा क्षेत्र नं ४ प्रदेशसभा (१) को कार्यालय भवनको शुक्रबार उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै महामन्त्री शर्माले गणतन्त्रको विरुद्ध भइरहेका अवाञ्छित गतिविधि देश र जनताको पक्षमा उपयुक्त नहुने बताउनुभयो । राजसंस्थाले आधा भन्दा धेरै



जनसंख्या भएका महिलालाई राजा हुनबाट वञ्चित गराएको उल्लेख गर्दै उहाँले अब एकल जाति, लिङ्गीलाई फेरि पनि देशको शासन व्यवस्थामा ल्याउने कुरा केवल गफ गर्ने मेलोमात्र हुने उहाँको भनाइ थियो ।

गणतन्त्रको संस्थागत विकासमा कैयौँ चुनौती देखिए पनि त्यसलाई अवसरसँगै चुनौतीका रूपमा काम गर्नतर्फ लाग्नुपर्ने महामन्त्री शर्माको जोड छ । उहाँले कांग्रेस प्रदेशसभा (१) को नवनिर्मित कार्यालयसहित बिपी भवन निर्माणमा सहयोग गर्ने दाता तथा जग्गादातालाई सम्मान गर्नुभएको थियो ।रासस


## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लोहारपट्टी, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## शिक्षक पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२२**

यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा देहाय बमोजिम शिक्षक नियुक्ती गर्नुपर्ने भएको हुँदा न्यूनतम शैक्षिक योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको कागजात सहित निवेदन दर्ता गराउन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | विज्ञापन नं. | तह | विषय | किसिम | पद संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८१-०८२ | मा.वि. | नेपाली | राहत | एक | १००० | |
| २ | ०२/०८१-०८२ | नि.मा.वि. | नेपाली | राहत | एक | ७५० | |
| ३ | ०३/०८१-०८२ | नि.मा.वि. | अंग्रेजी | राहत | एक | ७५० | |
| ४ | ०४/०८१-०८२ | नि.मा.वि. | विज्ञान/गणित | शिक्षक अनुदान | एक | ७५० | |
| ५ | ०५/०८१-०८२ | नि.मा.वि. | अंग्रेजी | शिक्षक अनुदान | एक | ७५० | |
| ६ | ०६/०८१-०८२ | नि.मा.वि. | विज्ञान/गणित | करार | एक | ७५० | |
| ७ | ०७/०८१-०८२ | आ.वि. | नेपाली | नगर शिक्षक | एक | ७५० | |
| ८ | ०८/०८१-०८२ | बाल विकास स.का. | | करार | एक | ५०० | |
| ९ | ०९/०८१-०८२ | विद्यालय सहायक | | | एक | ५०० | |
| १० | १०/०८१-०८२ | विद्यालय सहयोगी | | | तीन | ३०० | स्थानीयलाई ग्राहयता दिनेछ । |

१. **शैक्षिक योग्यता** :- शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन सहितको नियम ९ ले निर्धारण गरे बमोजिम, विज्ञापन नं. ०८/०८१-०८२ को लागि एस.ई.ई.य वा सो सरह, विज्ञापन नं. ०९/०८१-०८१ को लागि वाणिज्य शाखामा प्रविणता प्रमाणपत्र वा सो सरह र विज्ञापन नं. १०/०८१-०८२ को लागि साधारण लेखपढ ।

२. **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

३. **दरखास्त दिने अन्तिम मिति** :- २०८२/०१/०५ गते कार्यालय समय भित्र ।

४. **आवेदन दस्तुर** :- यस नगरपालिकाको NIC Asia Bank लोहारपट्टीमा रहेको आन्तरिक राजश्व खाता १३६२०५००२८७५३००२ मा राजश्व जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

५. **संलग्न गर्नुपर्ने कागजातहरू** :- निवेदन, दस्तुर तिरेको रसिद, व्यक्तीगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, अध्यापन अनुमति पत्रको प्रतिलिपी, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति । साथै आवेदन फाराम नगरपालिकाबाट प्राप्त गर्न सकिनेछ ।

**नोट** :- थप जानकारीका लागि शिक्षा शाखा वा ९८५४०२५९१० र ९८०१६३१३१४ मा सम्पर्क गर्नुहोला ।


# युवा विद्यार्थीलाई सृजनशील हुन मन्त्री दाहालको आग्रह

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले समृद्ध नेपाल निर्माणको लक्ष्य प्राप्तिमा सृजनशील भएर लाग्न युवा तथा विद्यार्थीहरुलाई आग्रह गर्नुभएको छ ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले), झापा काठमाडौँ सम्पर्क मञ्चको संयोजनमा शुक्रबार यहाँ आयोजित विद्यार्थीहरुलाई बधाई ज्ञापन गर्ने कार्यक्रममा एमाले पोलिटब्यूरो सदस्यसमेत रहनुभएका उहाँले आफ्नो ज्ञान, सीप र क्षमता स्वदेशमा नै उपयोग गर्दै समाजवादको लक्ष्य प्राप्तितर्फ लाग्न आह्वान गर्नुभयो । जीवन उपयोगी, व्यावसायिक तथा उत्पादनमुखी शिक्षालाई सरकारले प्रवर्द्धन गरिरहेको उल्लेख गर्दै मन्त्री दाहालले नेपालमा केही भएन र केही हुँदैन भनेर भ्रम छर्ने काम भइरहेको पनि बताउनुभयो ।

राजनीतिक अस्थिरताको अन्त्य गर्दै विकास निर्माण र समृद्धिको यात्रालाई प्रभावकारी बनाउन एमाले पहिलो शक्ति हुन जरुरी रहेको पनि उहाँले बताउनुभयो ।

आगामी निर्वाचनमा एमालेलाई पहिलो शक्ति बनाउने गरी आ-आफ्नो क्षेत्रमा काम गर्न उहाँको आग्रह छ । कार्यक्रममा झापाबाट काठमाडौँ आई अध्ययन गर्ने क्रममा गत स्ववियु निर्वाचनमा विभिन्न क्याम्पसबाट निर्वाचित हुने अनेरास्ववियु सम्बद्ध विद्यार्थीहरुलाई बधाई ज्ञापन गरिएको मञ्चका कार्यवाहक अध्यक्ष मनोज दाहालले जानकारी दिनुभयो ।रासस

# इयूद्वारा मध्य एसियासँगको सम्बन्धमा 'नयाँ युग'को घोषणा

एएफपी

समरकन्द । युरोपेली सङ्घ (इयू) ले शुक्रबार उज्बेकिस्तानमा भएको एक प्रमुख शिखर सम्मेलनमा मध्य एसियासँगको सम्बन्धमा 'नयाँ युग' को घोषणा गरेको छ।

रूस र चिनियाँ प्रतिस्पर्धाका बीच ब्रसेल्सले यस क्षेत्रमा आफ्नो प्रभाव बढाउँदै लगको हो ।ुक्रेनमाथि रुसको आक्रमणले यस क्षेत्रलाई मस्कोको नियन्त्रणबाट बाहिरिने गति दिएको समीक्षा गर्दै पूर्व र पश्चिम दुवैका प्रमुख शक्तिहरूले यसको उद्घाटन महसुस गरेका छन्। मध्य एसियाका पाँच मुलुक कजाखस्तान, किर्गिस्तान, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्बेकिस्तानका राष्ट्रपतिले युरोपेली सङ्घका शीर्ष नेतासँग शिखर वार्ता गर्दैछन् ।

यो बैठक प्राचीन सिल्क रोड शहर समरकन्दमा छ, जुन शताब्दीयौँदेखि पूर्व-पश्चिम जोड्ने व्यापार र वाणिज्यको एक प्रमुख केन्द्र हो ।प्राकृतिक स्रोतसाधनमा धनी जलवायु परिवर्तनको अग्रपङ्क्तिमा रहेको मध्य एसिया अफगानिस्तान, इरान, चीन र रूससँग सीमा साझा गर्दै अतिवादलाई नियन्त्रण गर्ने प्रयास गर्ने एक प्रमुख सुरक्षा केन्द्र हो ।ईयू प्रमुख उर्सुला भोन डेर लेयेनले मध्य एसियाली नेताहरूलाई भन्नुभयो, "यो हाम्रो प्राचीन मित्रतामा नयाँ युगको सुरुवात हो।"

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर आक्रमणले विश्व बजारमा धक्का पुऱ्याएको र मस्कोले युक्रेनमा तीन वर्षभन्दा बढी समयदेखि लडिरहेको बेला युरोपेली आयोगका प्रमुख र युरोपेली परिषद्का प्रमुख एन्टोनियो कोस्टा उज्बेकिस्तानमा पुग्नुभएको छ ।"हामी अर्को मोडमा छौँ । नयाँ विश्वव्यापी अवरोधहरू उत्पन्न हुन्छन्, लगानीहरू पुनर्निर्देशित भइरहेका छन्, विश्वभरका शक्तिहरूले प्रभावका नयाँ क्षेत्रहरू कोरिरहेका छन्," भोन डेर लेयेनले



भन्नुभयो ।

"मध्य एशियाली मुलुकहरूलाई भरपर्दो बताउँदै साझेदारहरू कहिल्यै पनि यति महत्त्वपूर्ण थिएनन् । हामी नयाँ बाटोखोज्न चाहन्छौँ", उहाँले भन्नुभयो, "यस क्षेत्रसँग 'रणनीतिक साझेदारी' का लागि आह्वान गर्दछु।"मध्य एसिया युरोपको उन्नत औद्योगिक प्रविधिमा रुचि राख्छ र यहाँ रूस र चीनले आफ्नो प्रभाव कायम राख्न चाहन्छन् भने पछिल्लो समय ब्रसेल्सले यस क्षेत्रको बहुमूल्य संसाधनहरूमा आँखा लगाएको छ।

**'महदानी'**

भोन डेर लेयेनले भने, "यी स्रोतहरू वैश्विक खेलाडीहरूको लागि 'महको भाँडा' हुन्।भूपरिवेष्टित यस क्षेत्रमा युरेनियम, कोबाल्ट, तामा र अन्य आवश्यक सामग्रीको प्रचुरता छ । शिखर सम्मेलनको पूर्वसन्ध्यामा कजाखस्तानले अहिलेसम्मकै सबैभन्दा ठूलो दुर्लभ खनिजको भण्डार पत्ता लगाएको थियो ।यस क्षेत्रमा रुसको ऐतिहासिक नेतृत्वसँगै टर्की, चीन, संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र जापानजस्ता देशहरू पनि स्रोतहरूमा रुचि राख्छन्।

"युरोपको प्रस्ताव फरक छ," भोन डेर लेयेनले प्रतिज्ञा गरे, स्थानीय उद्योगहरूको विकास गर्न मद्दत गर्ने वाचा गरे।उहाँले ब्रसेल्सले मध्य एसियालाई 'स्वच्छ ऊर्जा गृह' बनाउन सहयोग गर्न चाहेको पनि बताउनुभयो । उनले युरोपका भू-उपग्रहले दुर्गम क्षेत्रमा इन्टरनेट पुऱ्याउन सकिने सम्मेलनमा घोषणा गर्नुभयो । "यसले तपाईंको छिमेकीहरूले द्वारपालको रूपमा काम नगरी उच्च गतिको इन्टरनेटमा सीधा पहुँच प्रदान गर्नेछ", रूसलाई सङ्केत गर्दै उहाँले भन्नुभयो, "उसले सूचनालाई कडा रूपमा नियन्त्रण गर्दछ।"

**'प्रचार गर्न जाँदैन'**

मध्य एसिया भूगोलका हिसाबले युरोपेली सङ्घ (इयू) जत्तिकै ठूलो छ तर त्यहाँ जम्मा आठ करोड मानिस बस्छन् । यो जनसङ्ख्या २७ सदस्यीय इयूको भन्दा पाँच गुणा कम हो र इयूले अहिले विदेशी लगानीको खोजी गरिरहेको छ ।

उज्बेकिस्तानका राष्ट्रपति शावकत मिर्जियोयेभले हालैका वर्षहरूमा पाँच क्षेत्रीय देशहरूबीचको सम्बन्धमा आएको ठूलो वृद्धिले शिखर सम्मेलन सम्भव भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सात-आठ वर्षअघिसम्म मात्र दुई देशबीचको सीमा बन्द थियो । त्यहाँ कुनै व्यापार थिएन, ट्रान्जिट थिएन र चिसो सम्बन्ध थियो।""निकट भविष्यमा हामी युरोपेली नेताहरूसँगको वार्तामा यस क्षेत्रको प्रतिनिधित्व गर्न एकसाथ उभिन सक्छौं भनेर कसैले कल्पना पनि गर्न सक्नेछैन।सन् २०१६ मा उज्बेकिस्तानका तानाशाह इस्लाम करिमोभको मृत्युपछि मिर्जियोयेभ सत्तामा आउनुभएको थियो । उहाँले वर्षौंको बन्द सीमाबाट देशलाई खुला गर्नुभएको छ तर अधिकारवादी समूहले यस क्षेत्रमा मानव अधिकारको बिग्रँदो रेकर्ड रहेको बताएका छन्।

**प्रतिबन्ध**

ईयूको महत्वाकाङ्क्षाका बावजुद रुस र चीनलाई मध्य एसियाबाट टाढाम राख्न कठिन हुनेछ ।बेइजिङले यो क्षेत्रमा महत्त्वाकाङ्क्षी पूर्वाधार परियोजनाहरूमा पैसा खन्याइरहेको छभनेरूसले हतियार र ऊर्जा आपूर्ति गर्छ ।

पूर्व सोभियत राज्यमा रूसको सांस्कृतिक र भाषिक पहुँच छ ।

यद्यपि युक्रेनमा मस्कोको युद्धले उसका सहयोगीहरूलाई निराश भने बनाएको छ ।

युक्रेनमा जारी युद्ध र रुसविरुद्धको प्रतिबन्धबारे पनि वार्तामा छलफल हुने इयूका एक अधिकारीले बताउनुभएको छ । मध्य एशिया धेरै क्षेत्रहरूमध्ये एकको रूपमा उदाएको छ जसमार्फत स्वीकृत पश्चिमी सामानहरू रूसमा पुनः निर्यात गरिन्छ ।"मध्य एसियाली मुलुकहरूले कदम चाल्न 'इच्छा' देखाएका छन् र 'केही प्रगति' गरेका छन् तर 'हामी हाम्रा साझेदारहरूबाट अझ धेरै हेर्न चाहन्छौं," इयूका अधिकारीले भने।

# गोधुली रनिङ कपको उपाधि धरान-१४ लाई



धरान । पच्चीसौँ टेष्टीटेष्टी गोधुली रनिङ कप फुटबल प्रतियोगिताको उपाधि धरान-१४ ले जितेको छ ।

गए राति धरान उपमहानगरपालिका-१६ स्थित रङ्गशालामा भएको फाइनल खेलमा धरान-१५ लाई १-० गोलअन्तरले पराजित गर्दै धरान-१४ ले उपाधि जितेको हो । खेलको ६१औँ मिनेटमा धरान-१४ का विवेक राईले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए ।

खेलको अन्तिम समयसम्म दुवै टिमले थप गोल गर्न नसकेपछि त्यही गोल नै निर्णायक बन्यो । उपाधिसँगै धरान-१४ लाई नगद रु एक लाख ७५ हजार पुरस्कार र उपविजेता धरान-१५ लाई नगद रु एक लाख पुरस्कार प्रदान गरिएको छ । आजको खेलको प्लेयर अफ दी म्याच धरान-१४ का आशिष पुरी घोषित हुँदै रु पाँच हजार ५०० प्रदान गरिएको छ ।

उत्कृष्ट गोलकिपर धरान-१५ का राजीव खड्कालाई रु पाँच हजार ५००, उत्कृष्ट डिफेन्डर धरान-१५ का अस्तोष राईलाई रु पाँच हजार ५००, उत्कृष्ट मिडफिल्डर धरान-१५ कै अरिक गुरुङलाई रु पाँच हजार ५००, उत्कृष्ट स्टाइकर धरान-१४ का निमेश तामाङलाई रु पाँच हजार ५००, उत्कृष्ट कोच धरान-१४ का शिव राईलाई रु पाँच हजार ५००, हाइस्कोर धरान-१७ का कृष्ण राईलाई रु पाँच हजार ५००, राइजिङ प्लेयर धरान-१७ का सुवास विकलाई रु पाँच हजार ५०० प्रदान गरिएको थियो भने खेलको फेयर प्ले टिम धरान-१७ घोषित भएको थियो । यही चैत ७ गतेदेखि धरान रङ्गशालामा रात्रिकालीन भएको फुटबल प्रतियोगितामा १८ वटा वडाको सहभागिता थियो ।रासस

# राष्ट्रपति युनविरूद्धको महाभियोग प्रस्ताव सदर

एएफपी

सियोल । दक्षिण कोरियाको सर्वोच्च अदालतले महाभियोग लागेका राष्ट्रपति युन सुक योलको महाभियोगलाई सर्वसम्मतिले सदर गरेको छ। यससँगै उहाँ राष्ट्रपति पदबाट औपचारिक रूपमा अपदस्थ हुनुभएको छ ।

गत डिसेम्बरमा घोषणा गरेको 'मार्शल ल' छोटो समय कार्यान्वयनमा आएको भएपनि यसले दक्षिण कोरियामा राजनीतिक उथलपुथल निम्त्याएको थियो ।

उहाँले 'मार्शल ल' लागू गरिएको घोषणा गरे लगत्तै सडक र संसद् दुबैमा उहाँविरूद्ध आवाज उठेको थियो । उहाँको कदमको विरोध गर्न हजारौं मानिसहरू संसद् भवन बाहिर भेला भए। सांसदहरू उक्त घोषणालाई निष्क्रिय बनाउन आपत्कालीन मतदानका लागि संसद्मा उपस्थित भई मार्शल ल लगाउने राष्ट्रपतिको कदमको



विपक्षमा मतदान भयो र अन्त्यमा यूनको कदम पराजित भयो।

केही घण्टाभित्रै उहाँले मतदानबाट भएको संसद्को निर्णय स्वीकार गर्दै 'मार्शल ल' फिर्ता लिनुभएको थियो । यद्यपि, राष्ट्रपतिले आफ्नो कदम फिर्ता लिएको घोषणा पछि संसद्ले राष्ट्रपतिविरुद्ध महाभियोग अघि बढायो र प्रस्ताव पास भयो ।

महाभियोग सदर भएपछि अब त्यहाँ ६० दिनमा चुनाव हुनुपर्ने कानुनी व्यवस्था छ । युनमाथि राजद्रोहको छुट्टै आरोप पनि लागेको छ जसबारे छुट्टै सुनुवाइ हुने छ ।युनलाई डिसेम्बर ३ मा संसद्मा सशस्त्र सैनिक तैनाथ गरिएको नागरिक शासनलाई ध्वस्त पार्ने प्रयास गरेको भन्दै सांसदहरूले निलम्बित गरेका थिए। उहाँलाई विद्रोहको अभियोगमा छुट्टै फौजदारी मुद्दाको एक भागको रूपमा पनि गिरफ्तार गरिएको थियो।लाखौं कोरियाली नागरिकले संवैधानिक अदालतले आफ्नो फैसला टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरेको देखेका थिए ।

"प्रतिवादीको संवैधानिक उल्लङ्घनको गम्भीर नकारात्मक प्रभाव र दूरगामी परिणामहरूलाई ध्यानमा राख्दै हामी प्रतिवादी राष्ट्रपति युन सुक योललाई बर्खास्त गर्ने संसद्को निर्णयलाई सदर गरेका छौं," अदालतका कार्यवाहक अध्यक्ष मुन ह्युंग-बेले फैसला सुनाउँदै भन्नुभयो । फैसलामा तत्काल लागू हुने गरी युनलाई पदबाट हटाउन अनुमति दिँदै ६० दिनभित्र नयाँ राष्ट्रपतीय निर्वाचन गर्न आदेश भएको छ । अधिकारीहरूले आगामी दिनमा यसको मिति घोषणा गर्नेछन्।युनको कार्यले 'विधिको शासन र लोकतान्त्रिक शासनको मूल सिद्धान्तको उल्लङ्घन गरेको' न्यायाधीशहरूले आफ्नो फैसलामा उल्लेख गरेका छन्।

युनले संसदमा सशस्त्र सैनिकहरू पठाउनु भनेको सांसदहरूलाई आफ्नो फरमानलाई मतदान गर्नबाट रोक्नको लागि 'सशस्त्र सेनाको राजनीतिक तटस्थताको उल्लङ्घन' हो। उहाँले 'राजनीतिक प्रयोजनका लागि' सेना तैनाथ गरेको न्यायाधीशहरूको ठहर छ । "अन्त्यमा प्रतिवादीको असंवैधानिक र गैरकानुनी कार्य जनताको विश्वासमाथिको विश्वासघात हो र यो कानुनको गम्भीर उल्लङ्घन हो, जुन सहन सकिँदैन," फैसलामा भनिएको छ।विपक्षी दलका सांसदहरूले फैसला सुनाउँदा ताली बजाएर यसलाई 'ऐतिहासिक' भनेका थिए भने युनको पार्टीका सांसदहरूले अदालतबाट बाहिर निवेदन दिएका थिए।

**'फैसलाको पक्ष र विपक्षमा प्रतिक्रिया'**

फैसलापछि जारी संक्षिप्त वक्तव्यमा युनले जनताको 'अपेक्षा' पूरा गर्न नसकेकोमा माफी माग्नुभएको छ । सन् २०१७ मा पार्क ग्युन हेपछि अदालतले महाभियोग लगाउने उहाँ दोस्रो दक्षिण कोरियाली नेता हुनुहुन्छ ।

युनका समर्थकले उहाँविरूद्ध अन्याय भएको दावी गरेका छन् भने विपक्षीहरूले खुशी व्यक्त गरेका छन् । हामी लोकतन्त्रको पक्षमा युनको कदमविरूद्ध महिनौदेखि लडेका थियो अन्ततः अदालतबाट न्याय प्राप्त भएको छ, युनविरोधी प्रदर्शनका एक प्रदर्शनकारीले नाम उल्लेख नगर्ने शर्तमा भने। हप्तौंसम्म चलेको तनावपूर्ण सुनुवाइपछि न्यायाधीशहरूले एक महिनाभन्दा बढी समय यस मुद्दामाथि छलफल गरेका थिए भने जनअशान्ति चर्किएको थियो ।

प्रहरीले शुक्रबार सुरक्षा सतर्कतालाई उच्च स्तरमा पुऱ्याएको छ । अधिकारीहरूले अदालतलाई सवारी साधनहरूले घेरेका र आसपासमा विशेष सुरक्षा दस्ताहरू तैनाथ गरेको छ । यस वर्ष, कम्तिमा दुई कट्टर यून समर्थकहरूले नेताको महाभियोगको विरोधमा आत्मदाह गरेपछि मृत्यु भएको छ।

जर्ज मेसन युनिभर्सिटीका प्राध्यापक ब्युङ्ग्वान सोनले एएफपीसँग भन्नुभयो, "यो निर्णयले दक्षिण कोरियाली लोकतन्त्रको लचिलोपनलाई पहिलो र सबैभन्दा महत्त्वपूर्ण देखाउँछ।"प्रणाली ध्वस्त भएको छैन भन्ने तथ्यले कोरियाली लोकतन्त्र यसको विरुद्ध सबैभन्दा खराब 'कू' को चुनौतीबाट पनि बच्न सक्छ भन्ने देखाएको छ । योनहापका अनुसार युनको तस्वीर शुक्रबार सैन्य कार्यालयबाट हटाइनेछ । रक्षा मन्त्रालयको नियमअनुसार देशको कमान्डर इन चिफको फोटो उनीहरूको कार्यालयमा राख्नुपर्छ ।

**'युनको कार्यकाल र उहाँले सामना गरेको नैतिक दबाव'**

कट्टर परम्परावादी नेता यून सन् २०२२ मा राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो तर एप्रिलमा भएको संसदीय निर्वाचनमा विपक्षी पार्टीले फराकिलो जित हासिल गरेपछि उहाँ नैतिक दवावमा पर्नुभएको थियो । त्यसयता उहँको सरकारले चाहेका कानुनहरू पारित गर्न सकिरहेको छैन र उदारवादी विपक्षीहरूले पारित गरेका विधेयकहरूमा भिटो लगाउने अवस्थामा सीमित भएको छ।

कैयौँ भ्रष्टाचार प्रकरणमा नाम जोडिएका कारण उहाको लोकप्रियता पनि खस्किएको छ। उहाँकी पत्नीलाई एउटा महँगो ब्र्यान्डको झोला उपहार लिएको र धितोपत्र बजारमा चलखेल गरेको आरोप लागेको थियो ।

# ट्रम्प प्रशासनको करवृद्धि जापानका लागि 'राष्ट्रिय सङ्कट'

एएफपी

टोकियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जापानी सामानमा लगाएको करले 'राष्ट्रिय सङ्कट' निम्त्याएको जापानका प्रधानमन्त्री शिगेरु इशिबाले शुक्रबार बताउनुभएको छ । संयुक्त राज्य अमेरिकामा जापानी कम्पनीहरू सबैभन्दा ठूलो लगानीकर्ता हुन् तर राष्ट्रपति ट्रम्पले आयातमा २४ प्रतिशतको भारी कर लगाउने घोषणा गर्नुभएको छ ।बिहीबार विश्वव्यापीरूपमा लागु गरिएको करको एक भागको रूपमा जापानको निकट सहयोगी अमेरिकाले जापानमाथि पनि भारी कर लगाउँदा यसले जापानी अर्थतन्त्रलाई व्यापक प्रभाव पार्नेछ ।

इशिबाले संसदमा भन्नुभयो, "यो कदमले जापानलाई आर्थिक रूपमा 'राष्ट्रिय सङ्कट' निम्त्याउनसक्ने हुँदा सरकारले सबै पक्षसँग मिलेर यसको प्रभाव कम गर्न सक्दो प्रयास गरिरहेको छ । उहाँले ट्रम्प प्रशासनसँग वार्ताका लागि 'शान्त-नेतृत्वदायी' दृष्टिकोणको लागि आह्वान गर्नुभयो । अमेरिकाले यसै हप्ता लागू भएको जापानी कार आयातमा २५ प्रतिशत कर पनि लगाएको छ।

बैङ्क अफ जापानका गभर्नर काजुओ उएदाले भन्नुभयो, "करले विश्व र राष्ट्रिय अर्थतन्त्रमा गिरावटको दबाब निम्त्याउन सक्छ ।

"सरकारका प्रवक्ता योशिमासा हयाशीले बिहीबार आफ्ना मन्त्रीहरूलाई करको ' नजिकबाट अध्ययन गर्न' र घरेलु उद्योगका लागि वित्तीय सहयोग र रोजगारीको सुरक्षासहित आवश्यक सबै कदम चाल्न निर्देशन दिएको बताउनुभयो ।

असाही शिम्बुन दैनिकका अनुसार इशिबाले शुक्रबार पार्टी नेताहरूसँग गरेको भेटको उद्देश्य पूरक बजेट विधेयकको आधार तयार पार्नु थियो ।

# सोमबारदेखि कराते प्रतियोगिता हुने

काठमाण्डु । नेपाल सितोरियो करातेडोसङ्घ,प्रयोगपोखरीडोजाको आयोजनामा सहिद सागर सिंह तथा ज्ञानबहादुर शाही स्मृति कराते प्रतियोगिता सोमबारदेखि आयोजना हुने भएको छ ।

प्रतियोगितामा करिब छ सय खेलाडीको सहभागिता रहने प्रतियोगिता संयोजक गोपाल महर्जनले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । पुरुष तथा महिलामा एकल काता र कुमुतेमा समान ११-११ गरी २२ स्पर्धामा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे र सिन्धुपाल्चोक जिल्लाबाट ३५ टिमको सहभागी हुने आयोजक डोजोका प्रशिक्षक विकास महर्जनले जानकारी दिनुभयो ।पत्रकार सम्मेलनमा बागमती प्रदेशका सांसद रामकृष्ण




चित्रकारले युवा खेलाडीलाई सङ्गठित गर्न र सहिदप्रति सम्मान व्यक्त गर्न प्रतियोगिता महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले मुलुकका लागि ज्यान दिने सहिदको सम्झनामा प्रतियोगिता आयोजना गरेकामा आयोजकलाई धन्यवाद दिनुभयो ।

प्रतियोगिता सञ्चालन गर्न करिब रु १५ लाख खर्च हुने आयोजकले जनाएको छ। ललितपुर महानगरपालिकाको मुख्य प्रायोजन तथा महालक्ष्मी नगरपालिका र गोदवारी नगरपालिकाको सहप्रायोजनमा हुने दुईदिने प्रतियोगिताका खेलहरू आदर्श कन्या निकेतनमा खेलाइने छ ।रासस

# अमेरिकी सामानमा पारस्परिक भन्सार शुल्क लगाउने चीनको घोषणा

एएफपी

बेइजिङ । चीनले शुक्रबार अमेरिकी आयातमा ३४ प्रतिशत कर लगाउने घोषणा गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बढ्दो विश्वव्यापी व्यापार युद्धमा नयाँ करहरू विरुद्ध जवाफी कारबाही गर्ने चीन पहिलो प्रमुख अर्थतन्त्र बनेको छ र यसले बजारहरूलाई गहिरो नोक्सानीमा पुऱ्याएको छ ।

देशहरू र कम्पनीहरू दुवैले आफ्ना विकल्पहरू तौलिरहेका छन् र युरोपेली सङ्घ (इयु) अमेरिकी अधिकारीहरूसँग वार्ताका लागि तयार छ । सम्भावित प्रतिक्रियाहरूमा प्रतिशोधात्मक भन्सार शुल्क वा अन्य उपायहरू समावेश हुन सक्छन् । यसले व्यापार युद्धलाई बढाउन सक्छ र मन्दीको डर उत्पन्न गरेको छ ।संयुक्त राज्य अमेरिकाको शीर्ष व्यापारिक साझेदारहरू मध्ये एक चीन सबै अमेरिकी आयातमा ३४ प्रतिशत भन्सार शुल्क अप्रिल १० देखि लागू हुने घोषणा गर्ने पहिलो मुलुक थियो । चीनले भन्सार शुल्कहरू माथि विश्व व्यापार सङ्गठन (डब्लुटिओ) मा मुद्दा दायर गर्ने बताएको छ ।

चीनले चिकित्सा प्रविधि र उपभोक्ता इलेक्ट्रोनिक्समा प्रयोग हुने केही दुर्लभ खनिज तत्वहरूमा निर्यात नियन्त्रण लगाउने पनि



बताएको छ ।न्युयोर्कको एस एन्ड पी ५०० सूचकाङ्क चार दशमलव आठ प्रतिशतले घटेको बिहीबारको उथलपुथलपछि एसियाली र युरोपेली सेयर बजारले आफ्नो घाटालाई बढाएका छन् । यो सन् २०२० मा कोभिड महामारीपछिको सबैभन्दा ठूलो गिरावट थियो ।युरोपमा शुक्रबार दिउँसोपछि फ्र्याङ्कफर्ट पाँच प्रतिशतले घटेको छ भने पेरिस चार प्रतिशतभन्दा बढी र लन्डन तीन दशमलव आठ प्रतिशतले घटेको छ ।

टोकियोको निक्केई सूचकाङ्क दुई दशमलव आठ प्रतिशतले घटेको छ । जापानी प्रधानमन्त्री सिगेरु इसिबाले ट्रम्पको भन्सार शुल्कलाई 'राष्ट्रिय सङ्कट' का रूपमा वर्णन गर्नुभएको छ ।आफ्नो फ्लोरिडा गल्फ रिसोर्टमा सप्ताहन्तमा सेयरमा ' उछाल' आउने भन्दै ट्रम्पले पत्रकारहरूलाई बिहीबारको उथलपुथललाई खारेज गर्नुभयो। उहाँले शनिबारदेखि लागु हुने गरी सबै राष्ट्रमा १० प्रतिशत आयात भन्सार शुल्क लगाउने र अर्को हप्ताबाट लागु हुने गरी दर्जनौं विशिष्ट देशबाट आयातमा धेरै बढी कर लगाउने घोषणा गर्नुभएको छ ।

देशहरूले भन्सार शुल्कको आलोचना गरेका छन् तर चीन बाहेक उनीहरूले संयुक्त राज्य अमेरिकासँग वार्ताको प्रस्ताव गर्दै अहिलेसम्म प्रतिशोधात्मक उपायहरू रोकेका छन् ।ट्रम्पले २७-राष्ट्र ब्लकमा २० प्रतिशत भन्सार शुल्क लगाउनु भएपछि इयु व्यापार प्रमुख मारोस सेफकोभिक शुक्रबार अमेरिकी समकक्षीहरूसँग कुरा गर्नुहुनेछ ।सेफकोभिकले बिहीबार इयुले ' शान्त, सावधानीपूर्वक चरणबद्ध, एकीकृत तरिकाले' काम गर्ने र वार्ताका लागि समय दिने बताउनुभयो । यद्यपि उहाँले 'यदि हामी निष्पक्ष सम्झौतामा पुग्न सकेनौं भने ब्लक खाली हात बस्नेछैन' भनी चेतावनी दिनुभयो ।

**फ्रान्सेली 'देशभक्ति'**

इयुले अमेरिकी प्रविधि कम्पनीहरूमा कर लगाएर प्रतिक्रिया दिनसक्ने फ्रान्स र जर्मनीले बताएका छन् ।राष्ट्रपति इमानुएल म्याक्रोनले संयुक्त राज्य अमेरिकामा लगानीका साथ अगाडि बढेमा यसले गलत सन्देश पठाउने तर्क गर्नुभएपछि अर्थमन्त्री एरिक लोम्बार्डले फ्रान्सेली कम्पनीहरूलाई 'देशभक्ति' देखाउन आग्रह गर्नुभयो ।डाटा आदानप्रदान र करलाई लिभरको रूपमा प्रयोग गर्न सकिने तर्फ इशारा गर्दै लोम्बार्डले इयुको प्रतिशोधमा आवश्यक रूपमा पारस्परिक भन्सार शुल्क समावेश नहुने र अन्य उपकरण प्रयोग गर्न सकिने बताउनुभयो ।

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३६ रुपैयाँ ४० पैसा र बिक्रीदर १३७ रुपैयाँ कायम भएको छ ।

युरोपियन युरो एकको खरिदर १५० रुपैयाँ ८२ पैसा र बिक्रीदर १५१ रुपैयाँ ४८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७९ रुपैयाँ ४५ पैसा र बिक्रीदर १८० रुपैयाँ २४ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५८ रुपैयाँ १३ पैसा र बिक्रीदर १५८ रुपैयाँ ८२ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ५० पैसा र बिक्रीदर ८६ रुपैयाँ ८९ पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ १३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ७१ पैसा र बिक्रीदर ३० रुपैयाँ ८४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३७ पैसा र बिक्रीदर नौ रुपैयाँ ४१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ०७ पैसा र बिक्रीदर १४ रुपैयाँ १४ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ २१ पैसा र बिक्रीदर २० रुपैयाँ ३० पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिदर १७ रुपैयाँ ५४ पैसा र बिक्रीदर १७ रुपैयाँ ६१ पैसा, कुवेती दिनार एकको खरिददर ४४३ रुपैयाँ ३८ पैसा र बिक्रीदर ४४५ रुपैयाँ ३३



४४ पैसा र बिक्रीदर ९६ रुपैयाँ ८६ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ ०८ पैसा र बिक्रीदर १०२ रुपैयाँ ५३ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ ३१ पैसा र बिक्रीदर नौ रुपैयाँ ३५ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ६९ पैसा र बिक्रीदर १८ रुपैयाँ ७७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५८ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर तीन रुपैयाँ पैसा, बहराइन दिनार एकको खरिददर ३६१ रुपैयाँ ८३ पैसा र बिक्रीदर ३६३ रुपैयाँ ४२ पैसा, ओमनी रियाल एकको खरिददर ३५४ रुयैयाँ ३२ पैसा र बिक्रीदर ३५५ रुपैयाँ ८८ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ ।

वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ ।रासस

# वर्ष २०८१–नेपाली चलचित्रका लागि कस्तो रह्यो ?

काठमाण्डु । नेपाली चलचित्र क्षेत्रका लागि वर्ष २०८१ समग्रमा सुखद रह्यो । यो वर्ष प्रदर्शन भएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी' ले घरेलु बजारमा गरेको व्यापार इतिहास बनेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सेन्ट्रल म्यानेजमेन्ट टिकट सिस्टम (बक्सअफिस)मा यस चलचित्रले रु ४६ करोड ८० लाख (ग्रस) कारोबार गरेको तथ्याङ्क छ । जसले विसं २०८१ मा मात्रै नभई नेपाली चलचित्रको इतिहासमै 'रेकर्ड' दर्ज गर्‍यो । यसकारण विसं २०८१ चलचित्रका लागि स्मरण गरिने वर्ष बन्नेछ ।

चलचित्र विकास बोर्डको तथ्याङ्कअनुसार यो वर्ष ६० चलचित्र प्रदर्शन भइसकेका छन्भने दुई चलचित्र 'पिताम्बर' र 'कर्मा' चैत २९ देखि प्रदर्शन हुँदैछ । यो वर्ष स्वदेशी चलचित्र ६२ प्रदर्शन हुँदा विदेशी ८५ को हाराहारीमा प्रदर्शन हुने बोर्डले जनाएको छ । विदेशी चलचित्रको नेपाल प्रदर्शन अन्तिम समयमा टुङ्गो लाग्ने गरेकाले पनि अहिले एउटा अङ्क भन्न कठिन रहेको बोर्डको भनाइ छ ।

यो वर्षको सुरुआतमा वैशाख १ गते प्रदर्शन भएको 'डिग्री माइला' ले ठीकठाक व्यापार गरिरहँदा वैशाख १४ मा प्रदर्शन भएको 'बोक्सीको घर' ले आक्रामक व्यापार गर्न सफल भयो । चलचित्रमा समावेश गीत 'बुझिन मैले, बुझाइ देऊ कसैले' सफल हुँदा त्यसको प्रभाव चलचित्रमा पर्‍यो । केकी अधिकारीले अभिनय गर्नुभएको र सुलक्षण भारतीले निर्देशन गर्नुभएको चलचित्रलाई प्रदर्शन अगाडि सामान्य रुपमा हेरिएको थियो । तर, यसले अकल्पनीय व्यापार गर्‍यो ।

'बक्सअफिस'को तथ्याङ्कअनुसार यस चलचित्रको घरेलु बजारमा रु १० करोडको हाराहारीमा व्यापार भएको छ । यो चलचित्र सफलताको श्रेय गीतसङ्गीत र विषयलाई जान्छ । त्यसकारण यो वर्ष कलाकारको 'स्टारडम' भन्दा 'कन्टेन्ट' चलेको वर्षका रुपमा हेर्न सकिन्छ । यसपछि दसैँमा प्रदर्शन भएको '१२ गाउँ' र तिहारमा प्रदर्शन भएको 'पूर्णबहादुरको सारङ्गी' ले चलचित्र क्षेत्रलाई चलायमान बनायो ।

यी दुवै चलचित्र प्रदर्शन अगाडि सामान्य सोचिएका थिए । तर, प्रदर्शन भएपछि दर्शकले नै सिफारिस गरेका कारण सफलताको नयाँ 'रेकर्ड' बनाउन सफल भए । यो वर्ष दर्शकहरू कलाकारको अनुहारभन्दा पनि चलचित्रमा उठान गरिएको विषयलाई हेर्न आउनुभएको निर्देशक तथा वितरक प्रचण्डमान श्रेष्ठले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो वर्ष 'स्टार' भनिने कलाकारका चलचित्रभन्दा सामान्य रुपमा हेरिएको तर पात्रलाई पर्दामा जीवन्त बनाउन सक्ने कलाकारको चलचित्रको व्यापार धेरै भएको छ । दसैँ र तिहारमा भएको चलचित्रको व्यापारले समग्र क्षेत्रलाई चलायमान बनाउन सफल भयो । तर, समग्र वर्षको तथ्याङ्क हेर्ने हो भने समग्र बजारको आकार भने बढेको छैन ।"

उहाँले "रैयाँ चाँदीको" बोलको हिट गीतका साथ बनेको 'पूर्णबहादुरको सारङ्गी' ले गरेको व्यापार ऐतिहासिक भए पनि अन्य चलचित्रले उल्लेख्य व्यापार गर्न नसक्दा समग्रमा अघिल्ला वर्षकै तुलनामा बजारमा हुने व्यापारको आकार सीमित भएको बताउनुभयो ।


चलचित्र वितरक तथा निर्माण समूहको दाबीअनुसार यो वर्ष घरेलु बजारमार्फत अघिल्ला उल्लिखित चलचित्रसँगै 'छक्का पञ्जा ५', 'होस्टेल ३', 'अन्जिला' ले लगानी सुरक्षित गर्दै मुनाफा आर्जन गर्न सफल भए । यसबाहेक विदेशी बजारसहित 'घर ज्वाईं', 'गाउँ आएको बाटो' र 'लाज शरणम्' चलचित्रले निर्मातालाई घाटा गराएन । चलचित्र 'वसन्त' चैत २२ देखि प्रदर्शनरत रहेकाले यसको व्यावसायिक तथ्याङ्क आउन बाँकी छ ।

यस वर्ष अरू पनि चलचित्र बजारमा देखिए । मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्यको अभिनयमा 'महापुरुष'का साथै चलचित्र 'राजागन्ज' विवादका बीच प्रदर्शनमा आए ।

अभिनेता प्रदीप खड्काले नेपाली चलचित्रका लागि यो वर्षको सुरुआत राम्रो भए झैँ अन्त्य पनि सुखद हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यो वर्ष भिन्नभिन्न विषयका चलचित्र प्रदर्शन भए, वर्षको सुरुआत निकै राम्रो रह्यो । इतिहास रच्ने चलचित्रदेखि नयाँ अनुहारलाई पनि दर्शकले विश्वास गरेको पाइयो । यस वर्षको अन्त्य पनि सुखद हुने विश्वास लिएको छु ।"

**अभिनेता प्रदीप खड्काले नेपाली चलचित्रका लागि यो वर्षको सुरुआत राम्रो भए झैँ अन्त्य पनि सुखद हुने विश्वास व्यक्त गर्नुभयो ।**

उहाँले वर्षको अन्त्यमा प्रदर्शन हुने चलचित्रले सफलता प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो । चलचित्रमा विषयवस्तु वा कथा आकर्षणको केन्द्र हुनु सुखद रहेको निर्देशक मिलन चाम्सले बताउनुभयो । "चलचित्रको कथामा दर्शक आकर्षित हुनु चलचित्रकर्मीका लागि सुखद विषय हो, किनकि कलाकारमा केन्द्रित हुँदा त्यहाँ रचनात्मक पक्ष कमजोर हुनसक्छ । यसले नयाँ चलचित्रकर्मीलाई पनि प्रेरणा दिन्छ", निर्देशक चाम्सले भन्नुभयो ।




यो वर्षको सुरुआतमा प्रदर्शन भएका चलचित्रको व्यापारले आशावादी बनाएको थियो । तर, वर्षको अन्त्यमा बजार उही आकारमा रहनुले अघिल्ला वर्षभन्दा फरकपन ल्याउन नसकेको वितरक श्रेष्ठको बुझाइ छ । "एक दुई चलचित्रको सफलताले हामीलाई उत्साहित बनाउनु स्वाभाविक हो । तर, समग्र वर्षभरिमा भएको व्यापारको आकार नबढ्ने हो भने त्यसलाई उपलब्धि कसरी मान्न सकिन्छ ?", वितरक श्रेष्ठले भन्नुभयो ।

बजारको आकार बढ्न र नयाँ दर्शक चलचित्र भवनसम्म ल्याउन एउटा फरक चलचित्र चाहिने उहाँको बुझाइ छ । "लुट चलचित्रले बनाएको नयाँ दर्शकलाई कबड्डी, छक्का पञ्जा, जात्राजस्ता चलचित्रले बढाए । त्यस्तै, एउटा चलचित्र अहिलेको समयमा चाहिएको छ, अनि नयाँ दर्शक थपिनाका साथै चलचित्रको नयाँ युगको सुरुआत हुन्छ," वितरक श्रेष्ठले भन्नुभयो ।

उहाँ आफैँ आउँदो वर्ष २०८२ मा चलचित्र निर्देशन गर्ने तयारीमा हुनुहुन्छ । यो वर्ष प्रदर्शन भएका झन्डै नौवटा चलचित्रमा अभिनेता दयाहाङ राईले अभिनय गर्नुभयो । उहाँले अभिनय गर्नुभएको चलचित्र 'डिग्री माइला' वैशाख १ मा प्रदर्शन भएको थियो भने चैत २९ मा 'पिताम्बर' प्रदर्शन हुँदैछ । अर्थात् वर्षको सुरुआतदेखि अन्त्य पनि उहाँकै चलचित्रमार्फत हुँदैछ । यद्यपि उहाँले सङ्ख्या बढाउने मात्र नभई भिन्न विषयवस्तुका कारण आफूले चलचित्रमा अभिनय गरेको बताउनुभयो ।

"मैले कथामा विविधता देखेर चलचित्रमा काम गरेको हुँ । तपाईंले सङ्ख्यासँगै विषयवस्तु हेर्नुभयो भने एउटा अभिनेता त्यसलाई छाड्न सक्दैन । साथै मेरो उपस्थितिले कुनै निर्देशक र निर्मातालाई लाभ मिल्छ र मलाई विषय मन परेको छभने किन नगर्ने ?" अभिनेता राईले भन्नुभयो ।

यो वर्ष प्रदर्शन भएको चलचित्र 'छक्का पञ्जा ५' ले १५ करोड २१ लाख, चलचित्र '१२ गाउँ' ले १९ करोड ९१ लाख रूपैयाँ घरेलु बजारमा व्यापार गरेको तथ्याङ्क बक्सअफिसमा छ । यी चलचित्रको व्यापार हुनुको एउटा मुख्य कारण परिवार नै दर्शक बनेर चलचित्र भवनसम्म आउनु हो । यसअगाडि पनि व्यावसायिक रुपमा सफल भएका अधिकांश चलचित्रमा सबै उमेर समूहका दर्शकको उपस्थिति देखिएको छ । निर्देशक पुर्नेन्दु झाले चलचित्रको पर्दामा देखिने पात्रसँग दर्शक जोडिने पारिवारिक चलचित्रले घरेलु बजारमा सफलता पाउने गरेको भाष्यले यस वर्ष पनि निरन्तरता पाएको बताउनुभयो ।

"नेपालमा सफल भएका चलचित्रहरू आफ्नै मौलिक कथा बनेको पाइएको छ । यो वर्ष पनि सफल भएका चलचित्र सूची हेर्दा मौलिक कथा, सामाजिक विषयले दर्शकलाई चलचित्र भवनसम्म आकर्षित गरेको पाइयो । यद्यपि व्यापार मात्र सोचेर चलचित्र बनाउनु भने हुन्न, किनकि यसले विविधतामा असर गर्नाका साथै बजारीकरण गर्छ । चलचित्र भवनसम्म आउँदा दर्शकमा देखिएको उत्साह निस्किँदा पनि देखियोस् भन्ने सोच राखेर चलचित्र निर्माण गर्न सक्नुपर्दछ," निर्देशक झाले भन्नुभयो ।

चलचित्र मनोरञ्जनका लागि हेर्ने गरिन्छ । यद्यपि यसले पार्ने प्रभावप्रति सोच्ने कमै हुन्छन्, यसकारण यस वर्ष भइरहेका कामले आशावादी हुने ठाउँ प्रशस्तै दिएको छ । कामको नतिजा आउँदो वर्ष देखिनेछ, जहाँ नेपाली चलचित्रले कलात्मक र व्यावसायिक दुवै पाटोमा आफूलाई अब्बल साबित गर्ने चलचित्रकर्मीको विश्वास छ ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले आगामी वर्ष चलचित्र निर्माण, वितरण र प्रदर्शनका लागि बनेको 'चलचित्र ऐन' संशोधन हुने, बक्सअफिसमा 'रियल डाटा' प्राप्त हुने लगायतका बोर्डका कार्यले चलचित्रकर्मीलाई लाभान्वित बनाउने बताउनुभएको छ । एक तथ्याङ्कअनुसार हाल नेपाली चलचित्र उद्योगमा करिब १० हजार कलाकर्मी आबद्ध छन् ।

यो वर्ष चलचित्र भवनले सो सङ्ख्या नदिएको विवाद धेरै पटक उठ्यो । यही कारण निर्देशक निश्चल बस्नेतले चलचित्र 'बेहुली फ्रम मेघौली'को प्रदर्शन स्थगित गरेर 'ओभर दी टप (ओटिटी)' मा चलचित्र प्रसारण गर्नुभयो । यद्यपि न्यून शोबाट सुरु भएको 'पूर्णबहादुरको सारङ्गी'ले गरेको व्यापारका कारण सर्वकालीन सफल पनि बन्न पुग्यो । फलस्वरूप नेपाली चलचित्रले गरिरहेको व्यापार देखेर वितरकले विदेशी चलचित्र नेपालमा महङ्गो मूल्यमा ल्याउने सङ्ख्या कम गरेका छन् ।

विदेशी चलचित्रकै कारण स्वदेशी चलचित्र हेपिएको प्रश्न उठिरहँदा केही नेपाली चलचित्रले विदेशी चलचित्रलाई पराजित गर्दै सफल बनेपछि नेपाली निर्मातामा साहस र ऊर्जा थपिएको छ । हाल प्रदर्शनरत चलचित्र 'अञ्जिला' ले राम्रो व्यापार गरेपछि भारतीय चलचित्र 'सिकन्दर' नेपालमा असफल बनेको छ । यी यस्तै गतिविधिले गरेको सङ्केतका कारण पनि आउँदो वर्ष विसं २०८२ नेपाली चलचित्रका लागि राम्रो हुनेमा आशावादी हुन् सकिन्छ ।रासस

# यस्तो सागसब्जी र फलफूलको मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शुक्रबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।



गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु २०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४८, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ३५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १२, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ३५, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ४०, मूला रातो प्रतिकिलो रु ५०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ३५ तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु ७० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ६०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ८०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ८०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, टाटे सिमी प्रतिकिलो रु ७०, तितो करेला प्रतिकिलो रु ११०, लौका प्रतिकिलो रु ५०, परबर (लोकल) प्रतिकिलो रु ९०, परबर (तराई) प्रतिकिलो रु ९०, घिरौला प्रतिकिलो रु ७०, झिगुनी प्रतिकिलो रु ८०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकेजी रु ७०, भिण्डी प्रतिकिलो रु १३० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ६०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु १००, तोरीको साग प्रतिकिलो रु ६०, मेथीको साग प्रतिकिलो रु ९०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १२०, च्याउ (कन्य) प्रतिकिलो रु २००, च्याउ (डल्ले) प्रतिकिलो रु २८० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ ।

निगुरो प्रतिकेजी रु १००, ब्रोकाउली प्रतिकिलो रु ६०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ७०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ७०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु ३००, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ८०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ४०, रुख कटहर प्रतिकिलो रु १२०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १२०, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किबी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु १३० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ९०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ६०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु १३०, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु २००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १४०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# सडक स्तरोन्नतिपछि स्थानीय उत्साहित

बन्दीपुर । तनहुँको बन्दीपुर गाउँपालिका- ५ स्थित थुम्का जोड्ने सडक ढलान तथा स्तरोन्नतिपछि स्थानीय उत्साहित भएका छन् ।

बन्दीपुर गाउँपालिका-५ स्थित पृथ्वी राजमार्गको याम्पाचोकदेखि भुजेल गाउँ, थुम्का, कोरिखा, बाहुन भन्ज्याङ हुँदै बन्दीपुरका विभिन्न पर्यटकीय गाउँ (होमस्टे) पुग्ने यस खण्डमा नालीसहित स्तरोन्नति गरिएको छ । सडक स्तरोन्नतिसँगै विगतमा हिलो र धुलोका कारण आवतजावतमा भोग्नुपरेको सास्ती अन्त्य हुनाका साथै यातायात सञ्चालनमा सहज भएपछि स्थानीयवासी उत्साहित भएका हुन् ।

बन्दीपुर- ५ कोरीखाका लीलाबहादुर गुरुङले विसं २०७३ सुरु गरिएको घरबास (होमस्टे) यही बाटोका कारण सञ्चालनमा समस्या हुने गरेकामा अब त्यो समस्या हटेको भन्दै खुसी व्यक्त गर्नुभयो । अब नयाँ वर्षको सुरुआतीसँगै घरबास नियमित सञ्चालन गरिने उहाँले बताउनुभयो । "पहिले यहाँ आउन राजमार्गबाट ४५ मिनेट लाग्ने गरेको थियो, हाल १० मिनेटमै पुग्ने अवस्था बनेको छ । जसले गर्दा अब पाहुना बढ्ने विश्वास लिएका छौँ", गुरुङले भन्नुभयो ।

बन्दीपुर -५ थुम्काका किसान तामप्रसाद भट्टले दैनिक दूध पुर्‍याउन राजमार्ग पुग्न सहज भएको बताउनुभयो । पहिले पानी पर्दा सडक हिलाम्मे भएर यात्रा गर्न निकै समस्या हुने गरेकामा सडक स्तरोन्नतिसँगै त्यो समस्या समाधान भएको उहाँको भनाइ छ ।

चालु आर्थिक वर्षमा सहरी विकास मन्त्रालयले विनियोजन गरेको रु एक करोड तीन लाख ३५ हजार बराबरको बजेटमा नयाँ सहर आयोजनाअन्तर्गत यो सडक स्तरोन्नति गरिएको हो । सडक सात मिटर फराकिलो गरी आरसिसी ढलान र नाली निर्माण गरिएको नयाँ सहर आयोजना डुम्रे भन्सारका निमित्त कार्यालय प्रमुख अभिषेक अधिकारीले जानकारी दिनुभयो । सबैभन्दा अप्ठेरो मानिएको सडक क्षेत्रको चार सय ५० मिटर ढलान गरिएको उहाँले बताउनुभयो ।

कार्यालयका अनुसार उक्त खण्डमा गत आर्थिक वर्षमा तीन किलोमिटर कालोपत्र र दुई सय मिटर ढलान, तीन किमी सडक ग्राभेल भइसकेको छ ।रासस

**मधेश प्रदेश सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

## स्वास्थ्य कार्यालय

## रौतहट, गौर, नेपाल

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/१२/२३**

उपरोक्त सम्बन्धमा बायो लार्वीसाइट (BTI) खरिद सम्बन्धी यस कार्यालयको मिति २०८१/११/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हान सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्येबाट मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई तपसिलका दरभाउपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही रहेको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) र दफा (४७) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | HOR/SQ/2081-082/01 | श्री बायो केयर प्रा.लि., काठमाण्डौं | १६,५५,०४०।- (अक्षरेपी रु. सोरह लाख पचपन्न हजार चालिस मात्र) | |

**नि. कार्यालय प्रमुख**

# संघीय सरकारको चेपुवामा स्थानीय सरकार, मन्त्रीको चुनावी क्षेत्रमा एक महिनामै सरुवा

**मेयर प्रद्युम्न चौहानले भने अनुसार विल भुक्तानी नगरेको कारण उनको सरुवा गराइएको नगरपालिकाका एक कर्मचारीले बताए । मेयर चौहान एमाले पार्टीबाट निर्वाचित मेयर हुन् । आफ्नै क्षेत्रको मेयरले काठमान्डौमा डेरानै जमाए पछि मन्त्रीले सरुवा गरेका हुन् ।**

अनिल तिवारी

वीरगञ्ज । स्थानीय निकायमा बढ्दै गएको भ्रष्टाचार र अनियमितताको सहयोगी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बन्दै गएको आरोप छ । संघीय मामिला तथा समान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको संसदीय क्षेत्रमा रहेको पर्साको पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको पुनः सरुवा भएको छ । प्रमुख प्रशासकीय अधिकृत विनय कुमार श्रीवास्तवको हाजिर भएको एक महिना नपुग्दै उनको फेरि पनि सरुवा भएको छ ।




पोखरिया नगरपालिकामा गत फागुन १५ गते हाजिर भएका प्रमुख प्रशासकीय अधिकृत विनय कुमार श्रीवास्तवको चैत १७ गते मन्त्रालयले सरुवा गरेको हो । मेयर प्रदुमन चौहानसंगको टकरावका कारण श्रीवास्तवको एक महिना नपुग्दै सरुवा गरिएको हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता मेयर चौहान आवद्ध दल एमालेकै हुन् ।

मेयर प्रद्युम्न चौहानले भने अनुसार विल भुक्तानी नगरेको कारण उनको सरुवा गराइएको नगरपालिकाका एक कर्मचारीले बताए । मेयर चौहान एमाले पार्टीबाट निर्वाचित मेयर हुन् । आफ्नै क्षेत्रको मेयरले काठमान्डौमा डेरानै जमाए पछि मन्त्रीले सरुवा गरेका हुन् ।

श्रीवास्तवको सरुवा पर्सा जिल्ला समन्वय समिति सरुवा गरिएको हो । श्रीवास्तवले भने, 'चैत १७ गते सरुवाको पत्र आयो, चैत १९ गते रवानापत्र बुझे, अब बिहीबार जिल्ला समन्वय समिति पर्सामा हाजिर हुन्छ ।'

पर्सा जिल्लामा सबै भन्दा धेरै प्रमुख प्रशासकीय अधिकृतको सरुवा हुने पालिकामा पोखरिया नगरपालिका पहिलो नम्बरमा पर्छ । मन्त्री गुप्ताको चुनावी क्षेत्रको केन्द्रमा रहेको पोखरिया नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत पटक पटक सरुवा हुँदै आएको छ । यो नगरपालिकामा यसअघि पनि हालसम्म कोही प्रमुख प्रशासकीय अधिकृत धेरै समय टिक्न सकेका छैनन् । २०७९ साल फागुन ८ गते दरबन्दी भइ आएका प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीलाई ३९ दिनमै सरुवा गराइएको थियो । त्यस्तै २०८० साल जेठ २ गते देवेन्द्र सापकोटा हाजिर भएका थिए । उनलाई समेत उक्त पालिकामा जनप्रतिनिधिले टिक्न दिइएन । उनको पनि सरुवा ३ महिना नपुग्दै २०८० भदौं ८ गते गरिएको थियो ।

> संघीय मामिला तथा समान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको संसदीय क्षेत्रमा रहेको पर्साको पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको पुन: सरुवा भएको छ । प्रमुख प्रशासकीय अधिकृत विनय कुमार श्रीवास्तवको हाजिर भएको एक महिना नपुग्दै उनको फेरि पनि सरुवा भएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०८१ माघ ९ गते देशभरका १३ वटा पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी एकैपटक रद्द गर्ने निर्णय गरेपछि अजय श्रीवास्तव प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीबाट हटेका थिए ।

फेरि उनै अजय श्रीवास्तवलाई प्रमुख प्रशासकीय अधिकृतमा फर्काउने मेयर चौहानले मन्त्रीसंग चाचोपाजो मिलाएको बताइन्छ ।

भ्रष्टाचारमा चुर्लुम्म डुबेको सामान्य प्रशासन मन्त्रालयमा प्रमुख प्रशासकीय अधिकृतहरुको सरुवाको दररेट नै ताकिएको भन्दै अलोचनाहरु हुदै आएको छ । मन्त्री सचिवालय देखि परिवारका सदस्यहरुले ८लाख देखि १० लाख रुपैया लिएर सरुवा गराएको भन्दै आरोप लग्ने गरेको छ ।

यता सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले प्रशासकिय अधिकृत विनय श्रीवास्तवले आफैले सरूवा माग गरेकाले सरूवा गरिएको बताएका छन् । यस विषयमा मेयर चौहानसँग प्रतिक्रिया लिन खोज्दा उनको मोबाइलमा सम्पर्क हुन सकेनन् ।

यता रौतहट जिल्लाका केही स्थानिय निकायमा प्रमुख प्रशासाकिय अधिकृतको सरुवामा व्यापक आर्थिक चहलखेल गरिएको भन्दै जनप्रतिनिधिहरुबाट व्यापक बिरोध भइरहेको छ ।

# राजा आउ मान बढाउ

ब्लग :



श्यामसुन्दर शशि

अहिले मुलुक दुई कित्तामा विभाजित छ। पश्चगामी कित्तावालाहरु भन्छन्- 'राजा आउ, देश बचाउ' । संघीय गणतन्त्र कार्यान्वयन हुन कानुनसम्म बनाइ नदिने कथित गणतन्त्रवादीहरु भन्छन्- चिहानबाट मुर्दा फिर्ता आउँन सक्दैन । राजा अब तासको पत्तामामात्र सिमित छ । यी द्विविधाबीच म भन्छु- 'गोपालवंशी, महिषपालवंशी, कर्णाटवंशी वा सेनवंशी राजा आउ मिथिला-तराई-मधेशका मूलवासीहरुको मान बढाउ ।'

सुन्दा अचम्म लाग्न सक्ला- राजा र गणतन्त्रवादी दुबैलाई तर कुनै वाद विशेषको चश्मा नलगाइ हेर्ने हो भन्ने सन् २१ अगस्ट १७६२ (वि.सं.१८१९) को दिन गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्नै ससुराली राज्य मकवानपुरमाथि आक्रमण गर्नु पूर्व जनकपुरधाम क्षेत्र मकवानपुर राज्य अन्तर्गत थिए । पृथ्वीनारायण आफ्ना साखै जेठाजु दिग्बन्धन सेन र व्याहिता प्रथम धर्मपत्नी इन्द्रकुमारीलाई चरम यातना दिँदै कारागारमा राखेका थिए । पृथ्वीनारायणको विजयी अभियानसंगै धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सासहित सिंगै मिथिलाञ्चल मकवानपुर राज्यमा समाहित भएको थियो ।

फलाम जस्तो बलियो शरीर भएको कारण लोहांग नामकरण गरिएको लोहांग सिंह महोत्तरीका तत्कालीन राजा मोहन ठाकुरलाई पराजित गरी यस क्षेत्रमाथि कब्जा जमाएका थिए । त्यतिवेला मकवानपुर राज्यको सिमाना पूर्वमा महानन्दा नदी, पश्चिममा अदिया नदी, उत्तरमा महाभारत पहाड तथा दक्षिणमा तिरहुत सरकार र पूर्णिया क्षेत्रसम्म फैलिएको थियो । मकवानपुर राज्यका अर्का राजा इन्द्रविधाता वा इन्दुविधाता सेन (सन् १६७२-१७०६) जो छत्रपति सेनका छोरा तथा हरिहर सेनका पौत्र थिए । उनले जनकपुरधामस्थित राम जानकी मन्दिरका महन्त चतुर्भुज गिरीलाई फसली सम्वत १११४(सन् १७०६ वा १७०७) मा कुशबिर्ता मार्फत १४०० विघा जग्गा भूदान दिएका थिए । यसै जग्गामाथि आधुनिक जनकपुरधामको निर्माण भएको हो ।

अब थोरै कुरा गरौं मकवानपुरका अन्तिम राजा दिग्बन्धन सेनको । वि.सं. १८१६ मा हेमकर्ण सेनको मृत्युपछि दिग्बन्धन सेन मकवानपुरको राजा भएका थिए । उनी राजा भएको दुई वर्ष नबित्दै पृथ्वीनारायण शाह मकवानपुरमाथि आक्रमण गरेका थिए । युद्धमा पराजित भएपछि उनलाई नजरबन्द गरिएको थियो । नजरबन्द अवस्थामै उनको मृत्यु भएको इतिहासकारहरुको एक समूहको दाबी छ । प्राध्यापक दिनेशराज पन्तका अनुसार वि.सं. १७९४ मा गोरखाका युवराज पृथ्वीनारायणको विवाह दिग्बन्धन सेनकी बहिनी इन्द्रकुमारीसँग भएको थियो । जेठाजु दिग्बन्धन सेनले पृथ्वीनारायण शाहले मांगेको नौलखा हार र एकदन्ती हाती दाइजो नदिएको कारण पृथ्वीनारायण शाहले पहिलो श्रीमतिलाई मकवानपुरमै छाडि दिएका थिए । दाइजो नदिएकै कारण मकवानपुर राज्यमाथि कब्जा गरी जेठाजु, पहिलो श्रीमतिसमेतलाई कारागारमा राखेका थिए । जहाँ उनिहरुको दुःखद मृत्यु भएको थियो । बिडम्बना के पनि छ भन्ने नेपाली इतिहासकारहरुले पृथ्वीनारायण शाहलाई नायक प्रमाणित गर्न शाहकी पहिलो ब्याहिता श्रीमति इन्द्रकुमारीको विषयमा लेख्दै लेखेनन् । सम्भवतः यसै कारणले भनिएको होला- इतिहास विजेताको लेखिन्छ ।



मकवानपुरे सेन राजवंश दक्षिण भारतीय चालुक्य राजवंशी सोमेश्वर प्रथम (अनुमानित सन् १०४२-१६८) का छोरा बिक्रमादीत्यले बंगालमाथि आक्रमण गर्दा सेनहरुसेनाका प्रमुख पदमा कार्यरत थिए । युद्ध पश्चात् राजा र उनका सेनाहरु आफ्नो थाक थलो फर्केपनि सेनहरु भने बंगाल र पूर्वी नेपालको तराईमा घरजम गरेका थिए । बंगालका यिनै सेनहरुमध्येएक थिए- मुकुन्द सेन प्रथम । जसले सप्तरी जिल्लाको रुपनगरमा ईशाको तेह्रो शताब्दीतिर बसोवास गरेका थिए । पछि, स्थानीय मगरहरुको सहयोगमा उनले मकवानपुर राज्य स्थापना गरेका थिए । यिनै मुकुन्दसेन मकवानपुरका राजा भए र आफू शासक रहेको राज्यको नामाकरण आफ्नै नामबाट 'मकवानपुर' गरेका थिए । यो राज्य पश्चिममा राजपुर, तनहु, लाम, प्युठान, मदरिया, दार्छा, रिसिंग, विनायकपुर, गुल्मी तथा पाल्पासम्म फैलिएको थियो ।

मकवानपुरे सेन राजाहरु आफूलाई हिन्दुपति भन्दथे । मिथिला संस्कृति अनुसार राज्य संचालन गर्दथे । इतिहासकार हरिकान्त लाल दासका अनुसार, मकवानपुरको सरकारी कामकाजको भाषा मैथिली थियो । वि.सं.१७८४ मा मानिक सेनले जनकपुरका सन्त राम दासलाई दिनु भएको कुशविर्ता सम्बन्धी लिखतको भाषा मैथिली छ । जसमा भनिएको छ- स्वस्ति श्रीरुपनारायणत्यादिवीवीधवीरुद्रावली वीराजमान मानोन्त श्रीमहाराजाधिराज श्रीश्रीमन मानीक शेन देवानाम सदाशमरविजैनाम.... श्रीगोशाइ रामदाशके प्रंगना कोराडीमध्ये जनकपुरपट्टी वेलाहीटोला श्रीश्रीसीतारामजी के वीत्री कै दीहल एहीपर अपने खातिर जमाशै जोतथु जोतावथू तलाश तर दुदकै भोग्य करथू आशिर्वाद श्रीश्रीसीतारामजी मकहिमासे देलकरथू

यस प्रकार हामी के देख्छौं भने-मकवानपुर राज्य मैथिल राज्य थियो। यस कालमा उमापतिले पारिजात हरण जस्ता मैथिली भाषाको उत्कृष्ट नाटक रचना गरेका थिए । आज मुलुकमा पुनः राजाको खोजी हुदै छ । जनकपुरधामको ऐतिहासिक तिरहुतीया गाछी (स्मरणीय के पनि छ भने सन् १०९७देखि १३२५सम्म बारा जिल्लाको सिम्रोनगढमा कर्णाटवंशीहरुको तिरहुत राज्य थियो ।)मा राजावादीहरुले आमसभा गरेर शाहवंश पुर्नस्थापना गर्ने उद्‌घोष गरेका थिए । तर दुर्भाग्य तत्कालीन तिरहुत र मकवानपुर राज्यको सम्बृद्ध धार्मिक स्थल जनकपुरमा राजा आउ, देश बचाउ को नारा धन्की रहेकोवेला कसैले मकवानपुरे सेन राजवंशको चर्चा गर्नु भएन । हुनत आजको युगमा संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प संघीय लोकतान्त्रिक गणतन्त्र नै हो । र पनि कसैलाई राजा आउ देश बचाउ भन्नु नै छ भन्ने म पनि भन्न चाहन्छु- राजा आउ, मान बढाउ । त्यो राजा नेपालका प्रथम राजवंश गोपाल वंशी हुनु पर्दछ । महिषपाल वंशी हुनु पर्दछ अथवा मध्यकालका कर्णाटवंशी वा सेन वंशी हुनु पर्दछ ।

# रवि लामिछानेलाई थुनामा पठाउन आदेश

टुडे समाचारदाता

काठमाण्डु । बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थुनामा पठाउने आदेश दिइएको छ ।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासका न्यायाधीश रमेश ढकाल र स्वीकृति पराजुलीको संयुक्त इजलासले शुक्रबार सो आदेश दिएको अदालतका रजिष्ट्रार हरिगोपाल ज्ञवालीले जनाए ।



यसअघि माघ १३ गते लामिछानेलाई एक करोड धरौटीमा छाड्न रूपन्देही अदालतको आदेश दिएको थियो । त्यसपछि फागुन १६ गते लामिछानेले जिल्ला अदालत रूपन्देहीको आदेश बदर गरी पाऊँ भन्दै उच्च अदालत बुटवलमा पुनरावेदन निवेदन दिएका थिए ।

बुटवलको सुप्रिम सहकारीले बचतकर्ताको १ अर्ब रुपैयाँभन्दा बढी रकम ठगेको भन्दै प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयमा निवेदन परेको थियो ।

निवेदनमा सहकारी संस्थाका संचालक र पदाधिकारीलाई नियमानुसारकारबाहीकोमागगरिएको थियो । सुप्रिम सहकारी संस्थाले एकै जना बचतकर्ताको साढे तीन करोड रूपैयाँसम्म ठगी गरेको उजुरी परेको कार्यालयले जनाएको छ ।

# उदाउँदो सूर्यलाई अर्घ्य दिइ चैती छठ सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । जलाशयमा व्रतालुहरूले उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठपर्व सम्पन्न भएको छ । जनकपुरधाममा शुक्रबार बिहान गंगासागर, धनुष सागर, अंगराज सर पोखरी, दशरथ तलाउ, भुतही पोखरीलगायतको जलाशयमा चैती छठ पर्व मनाउन व्रतालुहरुको घुइँचो नै लागेको थियो ।

पर्वको चौथो दिन शुक्रबार तराई-मधेश-मिथिला क्षेत्रका विभिन्न जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै धुमधामका साथ चैती छठ पर्व सम्पन्न भएको छ । महापर्व छठको प्रसाद केरा, भुसवा, ठकुवा, नरिवल, उखु, मुलासहित पकवानलाई जलाशयमा पूजा अराधानासहित सूर्यलाई अर्घ्य अर्पण गर्ने धार्मिक परम्परा छ ।

चार दिनसम्म मनाइने छठ पर्वको पहिलो पर्वको पहिलो दिन 'नहाइ-खाइ', दोस्रो दिन 'खरना', तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्ने र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिइ सम्पन्न हुन्छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, दीर्घ रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यका साथ धार्मिक विधिसहित श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको घुइँचो नै लागेको थियो ।

# मुख्यमन्त्रीद्वारा खोला क्षेत्रको अनुगमन

टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री सतीश कुमार सिंहले धनुषाको जलाद खोला वन क्षेत्रको नदिमा स्थलगत अनुगमन गर्दा नियम विपरीत अवैध रुपमा बालुवा ढुंगा उत्खनन् गरेको पाइएपछि प्रहरीले केही टिपर र लोडर नियन्त्रण लिएको छ ।



धनुषाको मिथिला नगरपालिकामा रहेको सो खोलाबाट नगरपालिकाले वातावरणीय प्रभावको मूल्यांकन गरेर उत्खनन्का लागि स्वीकृति दिएको सूचनाको आधारमा मुख्यमन्त्री सिंहले अनुगमनका लागि पुगेपछि ६ वटा टिपर र २ वटा लोडर नियन्त्रणमा लिन आदेश दिएपछि प्रहरीले नियन्त्रणमा लिएको छ ।

वन क्षेत्रमा प्रदेश वन मन्त्रालयको वातावरणीय प्रभावको मूल्यांकन गरेपछि सम्बन्धित जिल्लाको डिभिजन वन कार्यालयबाट उत्खनन् का लागि स्वीकृति दिने कानूनी प्रावधान विपरीत नगरपालिकाले उत्खनन्का लागि आदेश दिएको भन्दै अनुगमनका लागि मुख्यमन्त्री पुगेको थियो ।

अनुगमनको क्रममा वन ऐनको उल्लंघन पाइएकाले मुख्यमन्त्री सिंहको आदेशमा पक्राउ परेका सबै टिपर र लोडर इलाका प्रहरी कार्यालय ढल्केवरमा राख्ने काम भएको छ ।

ठेकेदारलाई आवश्यक कागजात सहित मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा उपस्थित हुनका लागि निर्देशन दिइएको छ ।

# मधेश साहित्य महोत्सव शुरु

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्जमा ' मधेश साहित्य महोत्सव' सुरु भएको छ । शुक्रबार बिहान देखि शुरु भएको साहित्य महोत्सवमा स्थानीय भोजपुरीलगायत क्षेत्रीय र राष्ट्रिय भाषा साहित्यको अवस्थाको बारे चर्चा गरिने छ ।

वीरगञ्जमा पहिलो पटक साहित्य महोत्सवको आयोजना गरिएको छ । सो कार्यक्रममा संयोजक साहित्यकार गणेश लाठले वीरगञ्जको राजनैतिक इतिहास, भोजपुरी 'साहित्य संस्कृति'को अवस्था, यसको प्रवर्द्धनमा देखिएको अवश्यकता लगायतका विषयबारे जानकारी गराए । मधेशको सामाजिक र साहित्यिक उन्नयनलाई प्रवर्द्धन गर्ने उद्देश्यले पनि पहिलो पटक 'मधेस साहित्य महोत्सव' को आयोजना वीरगन्जमा गरिएको लाठले बताए ।

पहिलो दिन 'माटी, मन र मस्तिष्क' विषयमा भोजपुरी, मैथिली, नेपाली हिन्दीलगायतका भाषाको अवस्था र मधेशको राजनैतिक स्थितबारे विश्लेषक सिकेलालले प्रकाश पार्नु भएको थियो । उहाँले मुलुकमा लादिएको नेपाली भाषाको इतिहासबारे बताउँदै कुटनैतिक रुपमा अंग्रेजी, राजकाजको भाषामा नेपाली, बजारी भाषामा हिन्दी भाषाको प्रयोगले स्थानीय भाषाहरुको विकास साहित्यका विकास हुन नसकेको चिन्ता व्यक्त गरे । 'माटोको सुगन्ध : जीवनको रंग' विषयक छलफलमा कृषि विज्ञ कृष्ण प्रसाद पौडेल,कृषि अगुवा लक्ष्मण थारु र सुदर्शन चौधरीले आ-आफनो अनुभव साझा गरेका थिए । जसको सहजीकरण सकुन्तला जोशीलृ गरेकी थिइन् ।




नेपाल-अंग्रेज बीचको युद्धमा मधेशको भूमिकाका बारेमा लेखक एंव पत्रकार मोहन मैनाली, विश्लेषक सञ्जय साह मित्र र राजेश चौधरी र यस्तै 'स्थानीय सरकार, उद्यम र शिक्षा' विषयक प्यानल छलफलमा डा. शिला मिश्र, प्रिती देव र रमेश ज्ञवालीले मधेशमा शिक्षा, उद्योग व्यपारको वर्तमान स्थितिका बारेमा तथ्यांक सहित धारणाहरु प्रस्तुत गर्दै बर्तमान अवस्थाबारे चर्चा गरेका थिए ।

# प्रेमिकालाई धम्की दिने प्रेमी पक्राउ

टुडे समाचारदाता

लहान । एक प्रेमी र प्रेमिकाको सुमधुर सम्बन्ध बिग्रिन थालेपछि सामाजिक सञ्जालको माध्यमबाट अन्तरंग सम्बन्धका फोटो र भिडियो सार्वजनिक गरिदिन्छु भन्दै धम्की दिने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

सामाजिक सञ्जालको दुरुपयोग गर्ने कार्यमा संलग्न रहेको अभियोगमा काठमाण्डु महानगरपालिका-९ स्थित सिनामंगल डेरा गरी बस्दै आएका सिराहा धनगढी नगरपालिका-७ स्थित गोलबजार घर भएका २७ वर्षीय राम बिहारी साफीलाई प्रहरीले पक्राउ गरेको छ । प्रेम सम्बन्धमा रहँदाका अन्तरंगसँग सम्बन्धित तस्वीर र भिडियोहरु सम्बन्ध बिग्रिएपछि सामाजिक सञ्जालमा पोष्ट गरिदिने र पीडितका आफन्तलाई पठाइदिने भनी धम्काउँदै दुःख हैरानी दिएको भन्ने पीडितको उजुरीको आधारमा साइबर ब्युरोबाट खटिएको प्रहरीले सो कार्यमा संलग्न साफीलाई काठमाण्डुबाट पक्राउ गरेको जनाएको छ ।

उनीमाथि विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ४ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान गरिरहेको काठमाण्डु प्रहरीले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८